महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

राप्ती सोनारी गाउँपालिका
बाँके

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६/७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, अनामनगर, काठमाण्डौं, नेपाल

Babarmahal, Anamnagar, Kathmandu, Nepal

प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

पत्र संख्या: २०७८।७९

च.नं. 969

मिति: २०७९।३।२४

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू

राप्ती सोनारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

बाँके ।

कैफियत सहितको राय

हामीले राप्ती सोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.५ करोड ४९ लाख ५ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.१३ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड २७ लाख ७० हजार, नियमित गर्नुपर्ने रू.१ करोड ८२ लाख २५ हजार र पेश्की रु.२५ लाख ४१ हजार रहेको छ ।पालिकाको गतवर्ष रु.१३ करोड ०४ लाख ३९ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू रु.५ करोड ४९ लाख ५ हजार समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ५३ लाख ४४ हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण भरासिनी)

नायब महालेखापरीक्षक

Scanned with CamScanner

परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रापी सोनारी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रामग्राम गाउपालिकाको उद्देश्य रहेको छ । यस रापी सोनारी गाउँपालिका अन्तर्गत ९ वडा, १०४१.७३ वर्ग कि मि क्षेत्रफल तथा ५९ हजार ९४६ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी	१०२,४६७,८३४	१०२,४६७,८३४	१	चालु खर्च	५१३,२११,८५८.७२	५१३,२११,८५८.७२
	क) नगद	-	-	२	पूँजीगत खर्च	२१५,९४९,२८५.००	२१५,९४९,२८५.००
	ख) बैंक	१०२,४६७,८३४	-	३	वित्तिय व्यवस्था भुक्तानी	-	-
२	राजस्व (आन्तरिक आय)	१८०,९२१,३८८.९०	१८०,९२१,३८८		क) ऋण भुक्तानी		-
	क) आन्तरिक राजस्व	१३,७७३,०७०	-		ख) ब्याज भुक्तानी		-
	ख) राजस्व बाँडफाँड	१३०,४८२,३१८.९०	-		ग) अन्य भुक्तानी		-
	ग) अन्य आय (जिसस)	३६,६६६,०००	-	४	लगानी	-	-
३	वित्तिय हस्तान्तरण संघ	४०५,१०८,३३४	४०५,१०८,३३४		ऋण लगानी		-
	क) वित्तिय समानीकरण अनुदान	१६२,४००,०००	-		शेयर लगानी		-
	ख) सशर्त अनुदान	२४२,७०८,३३४	-		भज्न बाँकी चेक रकम	-	-
	ग) समपूरक अनुदान	-	-	५	धरौटी फिर्ता	२,३४५,०२५.००	२,३४५,०२५.००
	घ) विशेष अनुदान	-	-	६	प्रकोप व्यवस्थापन कोष	४९,६६१,२००.५०	४९,६६१,२००.५०
४	अन्तरसरकारी वित्त अनुदान		-	७	जिसस, बाँकि	११,३४९,८९३.००	११,३४९,८९३.००
	प्रदेश सरकारबाट प्राप्त अनुदान	२५,२२३,०००.००	२५,२२३,०००	८	विभाज्य कोष	८,०८७,३०५.१३	८,०८७,३०५.१३
	क) वित्तिय समानीकरण अनुदान	४,८९८,०००.००	-	९	मौज्दात	१०६,३५९,३१८.६२	१०६,३५९,३१८.६२
	ख) सशर्त अनुदान	८,०००,०००.००	-		क) बैंक मौज्दात	१०६,३५९,३१८.६२	-
	ग) समपुरक अनुदान	७,१२५,०००.००	-		ख) नगद मौज्दात	-	-
	घ) विशेष अनुदान	५,२००,०००.००	-	१०	संचित कोष	८९,१९५,२३६.७५	-
५	अन्तर स्थानीय तहबाट प्राप्त	-	-	११	चालु खर्च	-	-
६	अन्य	१३८,४६६,१३४.००	१३८,४६६,१३४	१२	पूंजिगत	-	-
	क) कोभिड विशेष कृषि कार्यक्रम- प्रदेश-५	१,९२०,०००.००	-	१३	धरौटी	६,१७५,६२६.००	-
	ख) सामाजिक सुरक्षा	११६,६८८,०००.००	-	१४	प्रकोप	७,९८८,४५५.८७	-
	ग) स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम	१६,९२४,६६३.००	-	१५	कर्मचारी कल्याणकोष	३,०००,०००.००	
	घ) पंजिकरण कार्यक्रम- पूंजिगत	२०५,३३१.००	-	१६	अनुदान फिर्ता	४,०१४,३७८.००	४,०१४,३७८.००
	ङ) पंजिकरण कार्यक्रम- चालु	६८४,९६०.००	-		क) संघ सशर्त	-	-
	च) नर्सिंग कार्यक्रम	७०५,०००.००	-		ख) संघ विषेश	-	-

	छ) रासी सोनारी गाउँपालिका	१,३३८,१८०.००	-		ग) प्रदेश सशर्त	१,२००,७६९.००	-
७	विभिन्न कोषतर्फको आय	५०,६३०,७८९.०७	५०,६३०,७८९		घ) प्रदेश विषेश (मुख्यमन्त्रि)	४१,३४०	-
८	धरौटी आय	८,१६०,७८४.००	८,१६०,७८४		ङ) प्रदेश समपुरक	२,७७२,२६९.००	-
		जम्मा	९१०,९७८,२६३.९७			जम्मा	९१०,९७८,२६३.९७

क्रमश

दफा	गो भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालय र आन्तरिक लेखापरिक्षणले गर्ने जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्टयाई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८-११-१० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्	
१	**ऐन कानून निर्माण एवं कार्यान्वयनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
१.१	स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउपालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ । **क**) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार नभएका कार्यहरु १. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमको कार्य नभएको । २. एक सय वाट सम्मको एफ.एम. रेडियो सञ्चालन अनुमती नवीकरण नियमन र खारेजी सम्बन्धी कार्य नभएको । ३. प्रदेश कानूनको अधीनमा रही एफ.एम. सन्चालन सम्बन्धी अन्य कार्य नभएको । ४. ट्रेडिङ्ग कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्याफ्टिङ्ग, मोटरवोट, केबुलकार लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्लालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क निर्धारण संकलन र व्यवस्थापन सम्बन्धी कार्य नभएको । ५. जडिबुटी कवाडी र जीवजन्तु कर निर्धारण तथा संकलन सम्बन्धी कार्य नभएको । ६. राजस्व सूचना तथा तथ्यांकको आदानप्रदान सम्बन्धमा कार्य नभएको । ७. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति कानून मापदण्ड र नियमन सम्बन्धी कार्य नभएको । ८. स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति कानून मापदण्ड र नियमको कार्य नभएको । ९. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड सेवा शर्त योजना कार्यान्वयन र नियमन सम्बन्धमा कार्य नभएको । १०. स्थानीय कानून बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी निर्धारण गर्ने सम्बन्धमा कार्य नभएको । ११. स्थानीय तथ्याक सम्बन्धी नीति कानून मापदण्ड योजना कार्यान्वयन र नियमन तथा आधारभुत तथ्यांक संकलन र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	१२. विकास आयोजना तथा परियोजना सम्बन्धी नीति कानून मापदण्ड तर्जुमा कार्यान्वियन अनुगमन मुल्याङ्कन र नियमन सम्बन्धी कार्य नभएको । १३. आयोजनाको अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याकंन सम्बन्धी कार्य नभएको । १४. संघीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास बस्ती विकास र भवन सम्बन्धी नीति कानून मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा आयोजना पहिचान अध्ययन कार्यान्वियन र नियमको कार्य नभएको । १५. संघीय र प्रदेश स्तरीय आयोजना तजा परियोजनाको कार्यान्वियनमा समन्वय, सहजीकरण र सहयोग समब्नधमा कार्य नभएको । १६. गुठी र सहकारी विद्यालय स्थापना अनुमति सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धमा कार्य नभएको । १७. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन गर्ने सम्बन्धमा कार्य नभएको । १८. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सम्पत्तीको अभिलेख संरक्षण र व्यवस्थापन सम्बन्धी कार्य नभएको । १९. ट्यूसन कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्ययन सेवाको अनुमती तथा नियमनको सम्बन्धमा कार्य नभएको । २०. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य नभएको । २१. आधारभुत स्वास्थय र सरसफाइ तथा पोषण सम्बन्धी नीति कानून मापदण्ड योजनाको तर्जुमा कार्यान्वियन तथा नियमको कार्य नभएको । २२. स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन सम्बन्धी कार्य नभएको । २३. स्वास्थ्यमा फोहोरमैला संकलन पुन उपयोग प्रशोधन विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको सम्बन्धमा कार्य नभएको । २४. रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालनको सम्बन्धमा कार्य नभएको । २५. सरसफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसंगको समन्व्य सहकार्य र साझेदारी सम्बन्धी कार्य नभएको । २६. परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन अनुमती अनुगमन तथा नियमनको कार्य नभएको २७. स्थानीय वस्तुहरुको उत्पादन आपुर्ती तथा निकासी प्रक्षेपण मूल्य निर्धारण र अनुगमन सम्बन्धी कार्य नभएको । २८. स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माणको कार्य नभएको । २९. स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुस्नधान सम्बन्धी कार्य नभएको । ३०. स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण प्रवर्द्धन र अभिलेखाङ्कन सम्बन्धी कार्य नभएको । ३१. उपभोक्ता अभिवृद्धि लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण सम्बन्धी कार्य नभएको । ३२. वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजना तर्जुमा तथा त्यसको कार्यान्वियन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको । ३३. स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण सम्बन्धी कार्य नभएको । ३४. स्थानीयस्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गर्ने कार्य नभएको । ३५. स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापनको सम्बन्धमा कार्य नभएको ।	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	३६. स्थानीय ग्रामिण तथा कृषि सडक र सिचाई सम्बन्धी नीति कानून मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको । ३७. स्थानीय ग्रामिण तथा कृषि सडक झोलुङ्गे पुल पुलेसा सिचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा कार्यान्वयन मर्मत सम्भार र नियमन सम्बन्धी कार्य नभएको । ३८. स्थानीयस्तरका सिंचाइ प्रणालीको निर्माण सञ्चालन रेखदेख मर्मत सम्भार स्तरोन्नति अनुगमन र नियमन सम्बन्धी कार्य नभएको । ३९. यातायात सुरक्षाको व्यवस्थापन र नियमनको सम्बन्धमा कार्य नभएको । ४०. स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका बिषयमा संयुक्त समिति गठन गर्ने कार्य नभएको । ४१. गाउँपालिका तथा गाउपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन सम्बन्धी कार्य नभएको । ४२. स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति कानून मापदण्ड योजनाको निर्माण कार्यान्वयन अनुगमन र नियमन गर्ने कार्य नभएको । ४३. जनसांख्यिक प्राकृतिक आर्थिक सामाजिक सांस्कृतिक भौतिक पूर्वाधार रोजगारीको अवस्था कुल ग्राहस्थ उत्पादन प्रतिव्यक्ति आय मानव विकास तथा लैङ्गिक सशक्तिकरण सुचकांक राजस्वा तथा आयव्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता नक्साको अद्यावधिक अभिलेख सम्बन्धी कार्य नभएको । ४४. सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालनको कार्य नभएको । ४५. सार्वजनिक सम्पत्ति सामुदायिक सम्पत्ति भवन सडक पसल व्यवसायको विवरण सहितको अभिलेख सम्बन्धी कार्य नभएको । ४६. आफ्नो क्षेत्रभित्र सम्पन्न् भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्याविधक अभिलेख सम्बन्धी कार्य नभएको । ४७. स्थानीय जग्गाको नापनक्सा कित्ताबाट हाल साविक रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज सम्बन्धी कार्य नभएको ४८. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन सम्बन्धी कार्य नभएको । ४९. भुमिको वर्गीकरण अनुसारको लगत व्यवस्थापन सम्बन्धी कार्य नभएको । ५०. सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ती मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण गर्ने सम्बन्धमा कार्य नभएको । ५१. नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण गर्ने सम्बन्धमा कार्य नभएको । ५२. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य नभएको । ५३. कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण र पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थजापन सम्बन्धी कार्य नभएको । ५४. उच्च मूल्याङ्कन कृषिजन्य वस्तुको प्रवर्द्धन विकास तथा बजारीकरण सम्बन्धमा कार्य नभएको । ५५. स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन एवम् पशु आहारको गुणस्तर नियमन सम्बन्धी कार्य नभएको । ५६. स्थानीय स्तरमा पशुपंक्षी सम्बन्धी तथ्यांको व्यवस्थापन र सूचना प्रणालीको निर्माण सम्बन्धमा कार्य नभएको । ५७. पशु वधशाला र शीत भण्डारकव व्यवस्थापन र नियमन सम्बन्धी कार्य नभएको । ५८. पशुपंक्षी सम्बन्धी विमा र कर्जा सहजीकरण सम्बन्धी कार्य नभएको ।	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	५९. जेष्ठ नागरिक क्लब दिवा सेवा केन्द्र आश्रय केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।	
	६०. संघ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनस्थापना केन्द्र जेष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।	
	६१. सडक बालबालिका अनाथ असहाय अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्रको सञ्चालन व्यवस्थान अनुगमन र नियमन सम्बन्धी कार्य नभएको ।	
	६२. रोजगार तथा बरोजगार श्रमशक्तिको तथ्यांक संकलन प्रशोधन र सूचना प्रणालीको स्थापना सम्बन्धी कार्य नभएको ।	
	६३. स्थानीयस्तरमा रहेका स्वेदशी तथा विदेशी श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य नभएको ।	
	६४. विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्यांक संकलन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य नभएको ।	
	६५. सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तीको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापनको कार्य नभएको ।	
	६६. वैदेशिक रोजगारीबाठ फर्केका व्यक्तिहरुको सामाजिक पुन एकीकरण र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान सीप र उद्यमशीलताको उपयोग सम्बन्धी कार्य नभएको ।	
	६७. कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण व्यवस्थापन र परिचालन सम्बन्धी कार्य नभएको ।	
	६८. स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण सम्बन्धी कार्य नभएको ।	
	६९. स्थानीयस्तरका श्रोत केन्द्रहरुको विकास र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।	
	७०. खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य नभएको ।	
	७१. एक मेगाबाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति कानून मापदण्ड योजना तर्जुमा कार्यान्वियन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको ।	
	७२. स्थानीयतहमा वैकल्पिक उर्जासम्बन्धी नीति कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन नियमनको कार्य नभएको ।	
	७३. स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन सञ्चालन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको	
	७४. स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण क्षमता अभिवृद्धि र प्रवर्द्धनको कार्य नभएको ।	
	७५. खानेपानी साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको ।	
	७६. स्थानीय स्तरमा विपद पूर्व सूचना प्रणाली खोज तथा उद्दार र समन्वय सम्बन्धी कार्य नभएको ।	
	७७. स्थानीय तटबन्ध नदि र पहिरोको नियन्त्रण तथा नदिको व्यवस्थापन र नियमन सम्बन्धी कार्य नभएको ।	
	७८. विपद् व्यवस्थापनमा संघ प्रदेश र स्थानीय समुदाय संघ संस्था तथा नीजी श्रेत्रसँग सहयोग समन्वय र सहकार्य सम्बन्धी कार्य नभएको ।	
	७९. विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजना तर्जुमा कार्यान्वयन अनुगमन र निमयन सम्बन्धी कार्य नभएको ।	
	८०. विपद् पश्चात स्थानीयस्तरको पुनस्थापना र पुन निर्माण सम्बन्धी कार्य नभएको ।	
	८१. स्थानीय स्तरको विपद् सम्बन्धी तथ्यांक व्यव्थापन र अध्यनन अनुसन्धान सम्बन्धी कार्य नभएको ।	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	८२. स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको निर्माण नभएको । ८३. जलाधार वन्यजन्तु खानी तथा खनिज तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति कानून मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन सम्बन्धी कार्य नभएको । ८४. सामुदियक भु-संरक्षण र सो मा आधारीत आय आर्जन कार्यक्रम सम्बन्धी कार्य नभएको । ८५. भु-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकुलन सम्बन्धि कार्य नभएको । ८६. खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलनको कार्य नभएको । ८७. बहुमुल्य धातु पत्थर तथा खनिज पदार्थको संरक्षण र संवर्द्धनमा सहयोग सम्बन्धी कार्य नभएको । ८८. भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानय स्तरको नीति कानून मापदण्ड योजना कार्यान्वयन अनुगमन र नियमनको कार्य नभएको । ८९. पुरातत्व प्राचीन स्मारक तथा संग्राहलयको संरक्षण सम्भार प्रवर्द्धन र विकास सम्बन्धी कार्य नभएको । ९०. स्थानीय तहका पत्रपत्रिकाको दर्ता अभिलेख र नियमन सम्बन्धी कार्य नभएको । ९१. संघीय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्ष सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण सम्बन्धी कार्य नभएको । ९२. जनरल अस्पताल नर्सिङ्ग एवम निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता सञ्चालन अनुमति र नियमन सम्बन्धी कार्य नभएको । ९३. स्थानीयस्तरमा औषधिजन्य वनस्पती जडिवुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन प्रशोधन र वितरण सम्बन्धी कार्य नभएको । ९४. स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण र नियमन सम्बन्धी कार्य नभएको । ९५. स्थानीयस्तरमा औषधियको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरोध न्यूनिकरणको कार्य नभएको । ९६. आयुर्वेदिक युनानी आम्ची होमियोप्याथिक प्राकृतिक चिकित्सा लगायतका परम्पागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन सम्बन्धी कार्य नभएको । ९७. विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन सम्बन्धी कार्य नभएको । ९८. खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन सम्बन्धी कार्य नभएको । ९९. स्थानीय साना सतह तथा भुमिगत सिंचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार सेवा शुल्क र संकलन सम्बन्धी व्यवस्थापनको कार्य नभएको । १००. खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी संकलनको कार्य नभएको । १०१. सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलनकव कार्य नभएको । १०२. पानीघट्ट कुलो पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी संकलनको कार्य नभएको । १०३. वन जंगल वन्यजन्तु चराजुरुङ्गी जल उपयोग वातावरण पर्यावयरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजना कार्यान्वयन अनुगमन र नियमनको कार्य नभएको । १०४.स्थानीयस्तरमा सामुदायिक ग्रामिण तथा शहरी धार्मिक कबुलियती र साझेदारी वनको संरक्षण संवर्द्धन उपयोग अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धी कार्य नभएको । १०५. स्थानीयस्तरमा नदि किनार नदि उकास नहर नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन सम्बन्धी कार्य नभएको ।	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	१६. स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रमा वृक्षारोपण सम्भार उपयोग र व्यव्थापन सम्बन्धी कार्य नभएको ।	
	१०७. स्थानीय स्तरमा जडिबुटि तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण उत्पादन संकलन प्रवर्द्धन प्रशोधन र बजार व्यवस्थापनको कार्य नभएको ।	
	१०८. बनबीउ बगैंचा स्थापना व्यवस्थापन र प्रवर्द्धन सम्बन्धी कार्य नभएको ।	
	१०९. नर्सरी स्थापना बिरुवा उत्पादन वितरण रोपण र प्रवर्द्धन सम्बन्धी कार्य नभएको ।	
	११०. जैविक विविधताको अभिलेखांकन तथा स्थानीयस्तरमा वन वन्यजन्तु तथा चराचुरुङ्गी अभिलेखाङ्कन र अध्ययन अनुसन्धान सम्बन्धी कार्य नभएको ।	
	१११. मिचाहा प्रजातिको नियन्त्रण तथा रैथनी प्रजातिको संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्य नभएको ।	
	११२. विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन सिमसार क्षेत्र नटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत व्यवस्थापनको कार्य नभएको ।	
	११३. मानव तथा वन्यजन्तु बीचको द्वन्द्ध व्यवस्थापनको सम्बन्धमा कार्य नभएको ।	
	११४. स्थानीय प्राणी उद्यान चिडियाखाना को स्थापना र सञ्चालन सम्बन्धी कार्य नभएको ।	
	११५. स्थानीयस्तरमा आरवेटोपद्धार व्यवस्थापन सम्बन्धी कार्य नभएको ।	
	११६. स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमनको कार्य नभएको ।	
	११७. स्थानीयस्तरमा वातावरणीय जोखिम र न्यूनिकरण प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन र व्यवस्थापन तथा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन सम्बन्धी कार्य नभएको ।	
	११८. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याक र सूचना व्यवस्थापनको कार्य नभएको ।	
	११९. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण सूचना व्यवस्थापन र नियमनको कार्य नभएको ।	
	१२०. स्थानीयतस्तरमा पुरातत्व प्राचीन स्मारक र सङ्ग्राहलय संरक्षण संवर्द्ध र पुन निर्माण सम्बन्धी कार्य नभएको ।	
	१२१. सुकुम्बासीको पहिभान र अभिलेख व्यवस्थापन तथा सुकुम्बासी सम्बन्धी जिविकोपार्जन र बसोबास व्यवस्थापनको सम्बन्धमा कार्य नभएको ।	
	१२२. प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति कानून मापदण्ड तथा नियमनको कार्य नभएको ।	
	१२३. यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजना कार्यान्वयन र नियमन सम्बन्धी कार्य नभएको ।	
	१२४. स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण अनुमति नवीकरण खारेजी सेवाको गुणस्तर भाडादर निर्धारण र नियमन सम्बन्धी कार्य नभएको ।	
	१२५. वातावरणमैत्री जलवायु परिवर्तन अनुकुलन विपद् जोखिम संवेद्य अपाङ्गता अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन सम्बन्धी कार्य नभएको ।	
	१२६. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू-उपयोग नीति योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य नभएको ।	
	१२७. संघीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थीत वस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।	
	१२८. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा टेलिसेन्टर केबुल	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमती नवीकरण र नियमन सम्बन्धी कार्य नभएको । १२९. स्थानीय बस ट्रली बस ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति मापदण्ड योजना कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको । १३०. राष्ट्रिय रेल पूवार्धारको उपयोग तथा नगरक्षेत्रीय शहरी रेल सेवाको सञ्चालन व्यवस्थापन मर्मत सम्भार समन्वय साझेदारी र सहकार्य सम्बन्धी कार्य नभएको । **ख)** स्थानीय सरकार संचालन ऐन २०७४ को अन्य दफा अनुसार नभएका कार्यहरु • दफा २४ (१) गाउपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू नगरेको, • दफा २४ (४) गाउपालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको, • दफा ७६ (५) गाउपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा नपठाएको, • दफा ७८ (५) गाउपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम संचालन नगरेको, • दफा ८३ (७) गाउपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा नभएको, • दफा ८३ (८) गाउपालिकाले नगर प्रहरी, सवारी चालक,सयश, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन,चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनुपर्ने उल्लेख गरेकोमा सो नगरेको,	
१.२	**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८ र यो बर्ष थप भएको २८ गरी कुल ३६ विवाद दर्ता भएकोमा २८ वटा मात्र फछ्र्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२	**वित्तीय विवरण विश्लेषण** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
२.१	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.२	**आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको। • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ७८ जनाको दरबन्दी रहेकोमा २० दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेखेको पाइयो । निजामती सेवा ऐन अनुसार तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३	**बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनः** यसमा देहायका व्यहोराहरु देखिएका छन्।	
३.१	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७६।०३।०९ गते रु.७६करोड ८ लाख २९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०४।२६ मा पारित गरि स्थानीय तहका प्रमुखले २०७६।०५।०५मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी छलफल गर्ने पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
३.२	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले त्यस अनुसार गरेको छैन ।	
३.३	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
३.४	**चौमासिक खर्चः** - आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।गाउपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ५९०६९५००० खर्च भएकोमा प्रथम चौमासिकमा रु.९२९०५००० अर्थात ११.१४ प्रतिशत, दोश्रो चौमासिकमा रु.८७४४४००० अर्थात १०.४८ प्रतिशत र तेश्रो चौमासिकमा रु.४१०३४५००० अर्थात ४९.२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३४२७१००० अर्थात ३६.४८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च रु.हजारमा			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
चालु खर्चतर्फ	३९३२१३.९	७८७९६.८३	७६५९१.४५	२३७८२५.६२	१४५७३२.८
पूँजिगत खर्चतर्फ	१९७४८१.११	१४१०८.३५	१०८५३.०४	१७२५१९.७२	१५८५३९.१३
जम्मा	५९०६९५.०१	९२९०५.१८	८७४४४.४९	४१०३४५.३४	३०४२७१.९३
प्रतिशत	७०.८२	११.१४	१०.४८	४९.२	३६.४८

३.५ **खर्च मितव्यिता कायम गर्नु पर्ने** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवश्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।

खर्च शिर्षक	रकम
मर्मत खर्च	१३,०९,६१०
ईन्धन खर्च	२१,९८,८४२
विविध खर्च	२९,१९,९६९
आर्थिक साहायता	१९१००००
अनुगमन खर्च	३६२७२०
भ्रमण खर्च	२५६८५७१
सेवा परामर्श खर्च	८५०००००
बैठक भता	१४,०४,७००

- भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो ।
- निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

- विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो
- सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो ।
- मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।

यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३.६</td><td>

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।देहायको विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ७५.३४ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४९.५ प्रतिशत रहेको छ । यसमा सुधार गरिनु पर्दछ।

<table>
<tr><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४,७९,९८,०००</td><td>२,३७,५९,६१८</td><td>४९.५</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>२६,२२,४६,०००</td><td>१३,८२,५३,१०६</td><td>५२.७२</td></tr>
<tr><td>सामाजिक विकास</td><td>३५,६२,४६,०००</td><td>३०,७७,९१,१४२.६०</td><td>८६.४</td></tr>
<tr><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>४,०५,२५,०००</td><td>२,५३,१७,४९७</td><td>६२.४७</td></tr>
<tr><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१२,६८,५६,०००</td><td>९,५५,७३,६४६.१२</td><td>७५.३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.७</td><td>

खर्च बिश्लेषणः पालिकाले यसबर्षको आन्तिरक आय रु.१८०९२१३८८ रहेकोमा गत बर्षको जिम्मेवारी रु.१०२४६७८३४ समेत कुल आन्तिरक रु.२८३३८९२२२ राजस्व बाँडफाँड र अनुदानबाट रु.१८०९२१३८८ समेत रु.६८९०४१२७५ आम्दानी भएकोमा चालु तर्फ रु.५१३२११८५८ पूँजिगत तर्फ रु.२१५९४९२८५ समेत रु ७२९१६१११४३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २४.८१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६२,४९,००० खर्च भएको छ जुन आन्तरिक आयको २.२० प्रतिशत रहेको छ यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.८</td><td>

सम्पत्ति हस्तान्तरण ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा</td><td></td></tr>
</table>

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
३.९	**योजना संशोधन**- पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। पालिकाले वन उपभोक्ता महासंघ रासि सोनारी स्थानिय संघको प्रस्तावका आधारमा बैजापुर देखी नर्सरी कालो पत्रे योजना संशोधन गरी वन तथा वातावरण सम्बन्धि तालिम कार्यक्रम संचालन गरी रु ४७५००० भुक्तानी गरेको छ । सडक कालोपत्रे योजना संशोधन गरी भता, खाना खर्च वापत भुक्तानी हुने गरी योजना संशोधन गरी खर्च गरेको अनियमित देखिएको रु. यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	४७५०००
४	**संगठन तथा कर्मचारी ब्यवस्थापन**	
४.१	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख लेखा अधिकृत सहित ४९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, ईन्जिनियर सहित ८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
४.२	**कर्मचारी करार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा २६ जना कमर्चारीहरुलाई करारमा राखी रु. ७५९३९२४ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धि पदमा मात्र करारवाट सेवा लिन सकिने र सो बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने व्यवस्था गरेकोछ। स्थानीय तहले माथि उल्लेखित पद बाहेक विभिन्न पदमा १७ जना नियुक्ति गरी वर्ष रु.५६९१५०४ खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु	५६९१५०४
४.३	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४.४</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ ।यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्रासभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>२४</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>५०८</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>८४</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२६</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१०८</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>३</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td rowspan="4">अभिलेख नराखेको ।</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह सञ्चालनमा पञ्जिकरणतर्फ वाहेक सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>५</td><td>स्थानीय तहको पदाधिकारी सुविधा यसमा देहायका व्यहोराहरु देखिएका छन् ।</td><td></td></tr>
<tr><td>५.१</td><td>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु.६२,४९,००० सुविधा भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>५.२</td><td>पदाधिकारी ईन्धन सुविधा- लुम्विनि प्रदेशको स्थानिय तहका सदस्य तथा पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन,२०७६ को दफा ४ (३) बमोजिम पदाधिकारीको लागि सवारी साधन उपलब्ध गराएकोमा पदाधिकारीले यस दफा बमोजिमको यातायात सुविधा पाउने छैनन् तर त्यस्तो सवारी साधनलाई अनसुची बमोजिमको इन्धन र मोबिल उपलब्ध गराईनेछ भन्ने उल्लेख भएकोमा पालिका प्रमुख श्री लाहुराम थारुले कार्यालयबाट सवारी साधन पनि लिएको र ईन्धन वापत वार्षिक १२००००।– लिएको पाईएकोले असुल गर्नुपर्ने रु.</td><td>१२००००</td></tr>
<tr><td>५.३</td><td>स्वकिय सचिव र प्रेस सल्लाहकार खर्च - लुम्विनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँ प्रमुखको स्वकिय सचिवमा सन्तोष चौधरीलाई नियुक्त गरी मासिक रु.२२५०० का दरले वार्षिक रु.२९२५००।- प्रेस सल्लाहकारका रुपमा भिम बहादुरलाई नियुक्त गरी मासिक रु.२२५०० का दरले वार्षिकवार्षिक रु. २९२५००।— खर्च लेखेकोमा अनियमित भएको रु.</td><td>५८५०००</td></tr>
<tr><td>६</td><td>अनुदान फिर्ता, वितरण र उपयोग यसमा देहायका व्यहोराहरु देखिएका छन् ।</td><td></td></tr>
<tr><td>६.१</td><td>अनुदान फिर्ता — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकारण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित</td><td></td></tr>
</table>

दफा	गो भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको छ ।

प्रदान गर्ने निकाय	प्रकार	प्राप्त रकम	खर्च	बाँकी
संघीय सरकार	शसर्त	२४२,७०८,३३४	२४३,४३४,८९७.६०	– ७२६,५६३.६०
	विषेश	-	-	-
	समानिकरण	१६२,४००,०००	९७,२३५,८५०	६५,१६४,१५०.००
	समपुरक	-	-	-
प्रदेश सरकार	शसर्त	८,०००,०००	६,७९९,२३१	१,२००,७६९.००
	विषेश	५,२००,०००	५,१५८,६६०	४१,३४०.००
	समपुरक	७,१२५,०००	४,३५२,७३१	२,७७२,२६९.००
	समानिकरण	४,८९८,०००	१,८२५,७६१	३,०७२,२३९.००

६.२ **सवारीसाधन खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले आ.व. २०७६/७७ मा देहायको सवारी साधन खरिद नगरेको पाइयो । सवारी साधन खरिद कार्य नियन्त्रण गरिनु पर्ने देखिन्छ ।

सि.नं	सवारी साधन	संख्या	रकम
१	मोटरसाईकल	४	७३४४४०
२	स्कुटर	१	२४६९००
३	कार टाटा जेनन	१	४०४५०००
	जम्मा		५०२६३४०

६.३ **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

७ **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२१५९४९२८५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । कार्यालयले बार्षिक खरिद योजना छ तर सोही अनुरुप कार्यान्वयनमा आएको देखिएन । त्यस्तै कार्यालयले खरिद गुरुयोजना बनाएको छैन अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई खरिद कार्य व्यवस्थित र प्रभावकारी हुने गरी कार्यान्वयन गर्नुपर्दछ ।

८ **कर दस्तुर एवं आन्तरिक आय** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>८.१</td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१८२८६५००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.१३४७१५९९७ अर्थात अनुमान भन्दा २६.३३ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>८.२</td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>६२७५८९०४१</td><td>२८३३८९२२२</td><td>४५.१६</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४५.१६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८.३</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पती कर</td><td>२५०००००</td><td>५८,६६९.००</td><td>२.३५</td></tr>
<tr><td>भुमिकर/मालपोत</td><td>१२००००</td><td>३,२२५,५००.००</td><td>२,६८७.९२</td></tr>
<tr><td>घरवहाल कर</td><td>२०००००</td><td>२,३१०,६३५.००</td><td>१,१५५.३२</td></tr>
<tr><td>सवारी साधन कर (साना सवारी)</td><td>१०००००</td><td>-</td><td>-</td></tr>
<tr><td>अखेटोपहारमा लाग्ने कर</td><td>१००००</td><td>-</td><td>-</td></tr>
<tr><td>अन्य कर</td><td>१९८०००</td><td>८५,२००.००</td><td>४३.०३</td></tr>
<tr><td>अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टि वालु)</td><td>८३३०००००</td><td>१,२२१,७६२.००</td><td>१.४७</td></tr>
<tr><td>परीक्षा शुल्क</td><td>१०००००</td><td>५८,८००.००</td><td>५८.८०</td></tr>
<tr><td>अन्य प्रशासनिक सेवा शुल्क</td><td>१५००००</td><td>७७१,२८०.००</td><td>५१४.१९</td></tr>
<tr><td>सिफारिश दस्तुर</td><td>३५०००००</td><td>१,६५५,११९.००</td><td>४७.२९</td></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>२०००००</td><td>१२८,८०७.००</td><td>६४.४०</td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>२०००००</td><td>२४,४५०.००</td><td>१२.२३</td></tr>
<tr><td>अन्य दस्तुर</td><td>६६००००</td><td>१,७७८,५९८.००</td><td>२६९.४८</td></tr>
<tr><td>व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>११२००००</td><td>-</td><td>-</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>अन्य राजस्व</td><td>३०००००</td><td>३९,१२०,२५०.००</td><td>१३,०४०.०८</td></tr>
<tr><td>गत वर्षको मौज्दात</td><td>९०२०७०००</td><td>८४,२७६,९२७.८७</td><td>९३.४३</td></tr>
<tr><td>जम्मा</td><td>१८२८६५०००</td><td>१३४७१५९९७.९</td><td>७३.६७</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.४</td><td>स्थानीय तहरूको विभाज्य कोष - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छ्न । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन गर्न सकियो । अभिलेख प्रणाली व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.५</td><td>ढुंगा गिट्टी तर्फः गाँउपालिकाको क्षेत्रमा पर्ने रासिखोलामा EIA र IEE प्रतिवेदन अनुसार विभिन्न क्षेत्रमा घाट तोकी उक्त क्षेत्र वाट यस वर्ष जम्मा रु ३१६२२४।५० घ .मि ढुंगा गिट्टी उत्खनन् गर्न सकिने भनि उल्लेख भएकोमा कार्यालय द्वारा मिति २०७६।५।१०, ०७६।७।९ र ०७६।९।२१ मा वोलपत्र आह्वान भएको कुनै पनि वोलपत्र दाता सहभागी नभएको उल्लेख छ । गत वर्ष ढुंगा गिट्टि वापत रु ९६००१५८०।०० आम्दानि भएकोमा यस वर्ष उक्त शिर्षकमा कुनै पनि रकम आम्दानि नभएको र सो को अवैध चोरी निकासीको जरिवाना वापत भनि रु १२२१७६२।०० आम्दानि जनाएको छ र अवैध चोरी निकासी नियन्त्रणका लागि हेरालु भनि विभिन्न ११ जनालाइ पारीश्रमिक खर्च लेखेको देखिन्छ ।
EIA र IEE प्रतिवेदन अनुसार र निकासि गर्न सकिने परिमाण ३१६२२४।५० घ. मि पालिकाको दररेट अनुसार रु १०६१०५९६८।७३ आम्दानि हुन सक्नेमा कुनै पनि आम्दानि भएको नदेखिएकोले गाँउपालिकाले यस सम्वन्धमा आवश्यक एकिन गरी ढुँगा गिट्टिको आम्दानिलाइ व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.६</td><td>गिट्टी, ढुंगा, बालुवाको करः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ।यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुंङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>८.७</td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा</td><td></td></tr>
</table>

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै एकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।	
८.७.१	**राजश्व दाखिलाः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ (३) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथे सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन सम्म दिला गरेको भए १० प्रतिशत, १० दिन भन्दा ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तरगतका राजश्व असुली तथा दाखिलाको विवरण अनुसार लेखापरीक्षण गरिएकोमा पालिका र वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको देखिएन ।कार्यालयबाट भएको आम्दानी रकम सवैजसो जिम्मेवार कर्मचारीहरुले महिनामा एक पटक सम्बन्धित खातामा बैक जम्मा गर्ने गरेको देखियो । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैक दाखिला गरेको विवरणमा भिडान गर्ने कार्यमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।नमूना छनौटमा देहाय अनुसार ढिला दाखिला गरेको देखिएकोले जरिवाना असुल गर्नुपर्ने रु.	३८६८९९

वडा नं	कर्मचारीको नाम	राजस्व असुली	बैक दाखिला मिति	दाखिला रकम	जरीवाना रु
१	कृष्ण खड्का	१९६२३७	असार २८	१९६२३७	१९६२४.००
२	वुद्धी राज भण्डारी	५६९६८५	असार २८	५६९६८५	५६९६८.००
३	राजाराम थारु	२१८०३१	असार मसान्त	२१८०३१	२१८०३.००
४	शैलजा चौधरी	३०९८२३	श्रावण २	३०९८२३	३०९८२.००
५	हुमा कुमारी डागी	७५२०६	कार्तिक	७५२०६	७५२०.००
	नारायण विष्ट	६०२२४३	समय मै	६०२२४३	०.००
६	रुपेश कुमार श्रेष्ठ	५५५७८९	श्रावण	दाखिला नगरेक	६५१७८
७	सावित राम मोराउ	२०९००१	वैशाखमा (श्रावण देखीको)	२०९००१	७४९३.००
	रुपेश श्रेष्ठ	५३२६१	दाखिला नगरेको	०	५८५८७.१
८	राज कुमार	९९०५६	एक महिना ढिलो	९९०५६	५४०७.३
	मिन बहादुर	२८४००७	असार मसान्त	२८४००७	२८४००.००
	दिल्ली प्रसाद थारु	३२८९११	श्रावण १८	३२८९११	३२८९१.००
	होम सुर्य के.सि.	५२०४६१	असार मसान्त	५२०४६१	५२०४६.००
९	रोशन कुमार के.सी.	४६६४३	समय मै	४६६४३	०.००
	हरीता कुमारी वली	१९१४३१	समय मै	१९१४३१	०.००
जम्मा					३८६८९९.४

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>९</td><td>आयकर एवं मुल्य अभिवृद्धिकर यसमा देहायका व्यहोराहरु देखिएका छन् ।</td><td></td></tr>
<tr><td>९.१</td><td>ढुंगा गिट्टी तर्फः गाँउपालिकाको क्षेत्रमा पर्ने रासिखोलामा EIA र IEE प्रतिवेदन अनुसार विभिन्न क्षेत्रमा घाट तोकी उक्त क्षेत्र वाट यस वर्ष जम्मा रु ३१६२२४।५० घ .मि ढुंगा गिट्टी उत्खनन् गर्न सकिने भनि उल्लेख भएकोमा कार्यालय द्वारा मिति २०७६।५।१०, ०७६।७।९ र ०७६।९।२१ मा वोलपत्र आह्वान भएको कुनै पनि वोलपत्र दाता सहभागी नभएको उल्लेख छ । गत वर्ष ढुंगा गिट्टि वापत रु ९६००१५८०।०० आम्दानि भएकोमा यस वर्ष उक्त शिर्षकमा कुनै पनि रकम आम्दानि नभएको र सो को अवैध चोरी निकासीको जरिवाना वापत भनि रु १२२१७६२।०० आम्दानि जनाएको छ र अवैध चोरी निकासी नियन्त्रणका लागि हेरालु भनि विभिन्न ११ जनालाइ पारीश्रमिक वापत खर्च लेखेको देखिन्छ ।
EIA र IEE प्रतिवेदन अनुसार र निकासि गर्न सकिने परिमाण ३१६२२४।५० घ. मि पालिकाको दररेट अनुसार रु १०६१०५९६८।७३ आम्दानि हुन सक्नेमा कुनै पनि आम्दानि भएको नदेखिएकोले गाँउपालिकाले यस सम्वन्धमा आवश्यक एकिन गरी ढुँगा गिट्टिको आम्दानिलाइ व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.२</td><td>नन्फाइलर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>६९।०७७।०३।११</td><td>Deuti surgimed pvt.ltd</td><td>४१३८१८३.१७</td><td>४७६०७४.१७</td></tr>
<tr><td>३४।०७७।११।०१</td><td>वि पी फेशन डिजाइनर</td><td>४४३२१२.००</td><td>५०९८८.९९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५२७०६३.१६</td></tr>
</table></td><td>५२७०६३</td></tr>
<tr><td>९.३</td><td>मू. अ.करमा दर्ता नभएका सँग खरीदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले २० हजार रुपैयाभन्दा बढीको मालसामान खरीद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरीक राजस्व कार्यालयबाट स्थायी लेखा नं। र मूल्य अभिवृद्धि करदर्ता प्रमाणमत्र प्राप्त गरेका, फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्दछ ।गो भौ न ६९।०७७।३।११ मा रोजगार कार्यक्रम अन्तर्गत विभिन्न सामाग्री खरिद (वेल्चा फरुवा विभिन्न थान) भुक्तानि दिएकोमा उक्त समितिले मू अ करमा दर्ता नभएका सगँ विभिन्न सामान खरिद गरी भुक्तानि गरेको विल पेश गरेको छ ।कार्यालयले स्थायी लेखा नम्बर लिएका तर मूल्य अभिवृद्धि करमा दर्ता नभएका आपूर्तीकर्ताबाट सामान खरिद गरेको हुँदा नियमानुसार खरीद कार्य गरिनु पर्दछ ।
<table>
<tr><th>गो भौ नं मिति</th><th>आपूर्तिकर्ताको नाम</th><th>विल संख्या</th><th>भुक्तानी रु</th></tr>
<tr><td>६९।०७७।०३।११</td><td>लुम्वनि ट्रेडर्स</td><td>१</td><td>४३९१२५।००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४३९१२५।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९.४</td><td>मूल्य अभिवृद्धि कर कट्टी - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु १०५३८३६ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ ऐनको व्यवस्था अनरुप कट्टा गर्नु पर्ने कर कट्टा नगरी भुक्तानी दिने व्यक्तिलाई जिम्मेवार बनाई उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>१०५३८३६</td></tr>
</table>

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर रकम	५० प्रतिशत
१२।६।६।१५	पि एम डी कन्ट्रक्सन	६०८४९५३९२	४९४९१८	५६९३७	२८४६८
१५।७६।७।१	कपुर कन्टक्सन	६०२२९९२६८	४९३५६७	५६७८२	२८९१०
६।७६।६।६	ओलि बिल्ड्र्स बीजक १	३०१४६५०२३	५७२९९५२	६५९१९५	३२९५९७
१५।६।७।१७	कालीगण्डकी कन्ट्रक्सन	६०४३१२१४३	३०६९२१५	३५३०९५	१७६५४७
१७।६।७।१७	सैयद गाजीफत्ते नि सेवा	३०००२६९७१	१७६२९७७	२०२८२०	१०१४१०
१९।।७।१९	बस्ताकोटी नि सेवा	३००३७८६६८	४७४६५८	५४६०६	२७३०२
२७।।९।१	भवर भवानी नि सेवा	३०००२५१०३	४५२२५८	५२०२९	२६०१४
३१।१०।२८	स्रिपदी ट्रेडिङ्		४०४५०००	४६५३५३	२३२६७६
६९।७।२।२३	सिस्ने कन्ट्रकसन	६००२४०९६	४७१०२०	५४१८८	२७०९४
58.७७।२।२८	पि एम डी कन्ट्क्सन	६०८४९५३९२	४७१४७६	५४२४०	२७१२०
५७।७७।२।८	ब्लक बक कन्ट्रक्सन	६०१९४६३९४	३७४०२९	४३०२९	२१५१५
५५।७७।२।६	भवर भवानी नि सेवा	३०००२५१०३	४७२५६६	५४३६६	२७१८३
	जम्मा				१०५३८३६

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
९.५	**रितपूर्बकको कर बिजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरिएका मध्ये निम्न कारोबारमा गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका निर्माण व्यसायीबाट मु.अ.कर रु निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपुर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	२७९६४

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	कर विजकको अवस्था	भुक्तानी रकम	मुअकर कर रकम	५० प्रतिशत
४८।७७।१।१०	पोखरेल व्याग सप्लार्यस	६०६४६९६१४	केरमैट गरी हातले सच्याएको	३१६०००	२७९६४	
	जम्मा					

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१०	**उपभोक्ता समिति मार्फत कार्य** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
१०.१	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ।	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१०.२	**वढी भुक्तानि :** सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमा र आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।पालिका वाट यस वर्ष उपभोक्ता समिति वाट भएको निम्नानुसारको काममा वढी भुक्तानि भएको असुल हुनु पर्ने रु	१०१८११

गो भौ न	उपभोक्ता समिति	भुक्तानि हुनु पर्ने	भुक्तानि भएको	वढि भुक्तानि
३६३।०७८।३।३१	वडा न २ धारा जडान	४०९२२७.००	४९८०००.००	८८७३३.००
३६२।०७८।३।३१	वडा न २ सडक स्तरोन्नति	९७००००.००	९८३०७८.००	१३०७८.००
	जम्मा			१०१८११.००

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१०.३	**प्रदेश पूँजीगत** **उपभोक्ताको योगदान –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र कार्यालयले ब्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको, जसमा कुल लागत भन्दा घटी लागतमा कार्य सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी दिनुपर्ने शर्त उल्लेख छ। तर कार्यालयले घटी लागतमा कार्यसम्पन्न भएको अवस्थामा नियमानुसार आनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.	२०६०५

गोभौनं./ मिति	उपभोक्ता समितिको नाम.	सम्झौता पत्र अनुसार		कार्यसम्पन्न रू.	खर्च लेख्नुपर्ने रू.	खर्च लेखेको रू.	असुल हुनुपर्ने रू.
		कुल लागत रू.	कार्यालयले व्यहोर्ने रू.				
८/२०७७।३।२७	सौरी खानेपानी आयोजना पाइप विस्तार उ.स	१०३१८५८।८१	१००००००	१००७०७२।८५	९७५९८०	९९६५८५	२०६०५

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१०.४	**वढी भुक्तानिः** सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमा र आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ। गो भौ न ३३१।०७८।३।३१ मा शहिद स्मारक आधारभुत विद्यालयको फिल्डमा ह्ययूम पाइप जडानका लागी सो को उपभोक्ता समितिलाइ ३३ थानको जिल्ला दररेट अनुसार प्रतिथानको रु १९२७०.४६ का दरले भुक्तानि हुनुपर्नेमा रु २१६०७।१७ का दरले दिएको देखिएकोले वढी दर रु २३३६.७१ ले हुने जम्मा रु ७७१११.४३ असुल हुनुपर्ने रु	७७१११
१०.५	**उपभोक्ता समितिलाई ओभरहेड** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूलय अभिकृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमको उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १५ प्रतिशत ओभरहेड जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु	४६४५

गोभौनं./मिति	उपभोक्ता समिति र काम	आईटम	लागत अनुमान दर ओभरहेड बाहेक	सम्झौता रकम ओभरहेड समेत	भुक्तानी रकम	भुक्तानी मध्ये ओभरहेड रकम

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table><tr><td>७०।७७।२।२५</td><td>भगौतिपुर बाटो स्तरनोन्नति उ स</td><td>आईटम २ लेवलिङ्</td><td>१५।५२</td><td>१८।१९</td><td>३५६५२</td><td>४६४५</td></tr></table></td><td></td></tr>
<tr><td>११</td><td>कार्य सम्पन्न प्रतिवेदन- गौ.भो.नं.१७६।०७७।३।२५ मा सार्वजनिक खरिद नियमावली, २०६४को नियम१२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ ।वडा न ३ मा विधुत लाइन विस्तारका लागी वालाजि ह्ययूम पाइप तथा विधुत पोल उधोग प्रा लि लाइ ११ थान पोलको खरीद तथा ढुवानिको लागि जम्मा रु २२३३०५९।०० भुक्तानि दिएकोमा सो को कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु.</td><td>२२३३०५९</td></tr>
<tr><td>१२</td><td>विल भरपाइ बेगर भुक्तानी : गो भौ न १९।०७८।३।३१ मा सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमा र आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ। सरस्वती मा वि मा भवन निर्माण वापत रु १४५०००० भुक्तानि भएकोमा सो को विल भरपाइ पेश नभएकोले सो को प्रमाण पेश हुनु पर्ने रु</td><td>१४५००००</td></tr>
<tr><td>१३</td><td>ठेक्का सम्झौता ढिला गरेको : सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (३) मा वोलपत्र स्वीकृत गरेको १५ दिन भित्र सम्झौता गर्न कार्य सम्पादन जमानत दाखिला गर्न सूचना दिनुपर्ने दफा (५) मा उक्त अवधि भित्र संम्झौता गर्न नआएमा निजको वोलपत्र जमानत जफत गरी सो भन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्यांकन सारभूत रुपमा प्रभावग्राहि वोलपत्रको वोलपत्र स्विकृत गरी खरिद संम्झौता गर्नुपर्ने भन्ने उल्लेख भएकोमा गाँउपालिका द्धारा निम्नानुसार ठेक्काहरुमा ऐनको प्रावधान विपरीत संम्झौता गरेकव उचित देखिएन ।<table><tr><th>ठे न</th><th>निर्माण व्यवसायि</th><th>ठेक्का रकम</th><th>ठेक्का स्वीकृति</th><th>सम्झौता</th></tr><tr><td>०६६।०७६।७७</td><td>सम्राट निर्माण सेवा</td><td>६९९२८११।४२</td><td>०७७।२।२२</td><td>०७७।७।१९</td></tr><tr><td>७१।०७८।०७६।७७</td><td>सम्राट निर्माण सेवा</td><td>१११५१७०९।०९</td><td>०७७।२।२५</td><td>०७७।६।२६</td></tr><tr><td></td><td></td><td></td><td></td><td></td></tr></table></td><td></td></tr>
<tr><td>१४</td><td>हेभी इक्विपमेण्टको प्रयोग – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :</td><td></td></tr>
<tr><td></td><td><table><tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr></table></td><td></td></tr>
</table>

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

७०-२-२५	भगवतीपुर वाटो स्तरोन्नति उ स	बाटो स्तरोन्नती	५०००००	रोलर ग्रेडर	१०९०००
१२५।।२०७७-३-१७	नारायणपुर सहकारी देखी वाट नि उ स	बाटो निर्माण	१००००००	रोलर ग्रेडर	३०५४८७
१३४।७७-३-१८	खुसीराम थारु घर वाटो नि उ स	बाटो निर्माण	७०००००	रोलर ग्रेडर	११३०१४
१३५	अतवारी घर वाटो नि उ स	बाटो निर्माण	९०००००	रोलर ग्रेडर	३०१५७२५
	जम्मा				

१५ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
८०।७७।३।२	मोवाटोल तटवन्ध उ स	तटवन्ध	५०००००
७८।३।२	तिलौरे धर कल्भर्ट नि उ स	कल्भर्ट	७०००००
७७।७७।३।२	उज्यालो कार्यक्रम उ स ३	बिद्युतिकरण	७५२७३४
११४	कुसुम ग्रमिण बिद्युत उ स	बिद्युतिकरण	५३३०२४
१२६।७७।३।१७	लमही पुल मर्मत उ स	पि सि सि	४९९३८०
१३६।७७।३।१९	अप्सरा सहकारी उ स	ट्रस भवन निर्माण	५०००००
१३९।३।१९	वडा ३ कल्भर्ट नि उ स	कल्भर्ट	७७६०००
१५५।३।२२	सरा कुलो नालि नि उ स	पक्की नाली	६०००००
१७१।३।२६	निवुवाटार उ स	कल्भर्ट नि	९७३०००
	जम्मा		

१६ **गौ.भौ.नं.२२।२०७६।५**

उपभोक्ता मार्फत खरिद कार्य सार्वजनिक खरिद ऐन २०६३ को दफा ४५ र नियमावली ९७ को अनुसार स्थानीय श्रम प्रविधि युक्त सामान्य निर्माण कार्य मात्र उपभोक्ता समिती मार्फत गराउने व्यवस्था विपरीत पालिकाले कचनापुर ग्रामीण बिद्युतिकरण उपभोक्ता समितीलाई बिद्युत मीटर मिटर बक्स लगायतका विद्युतिय सामाग्री खरिदका लागी रु ७४८६४३ भुक्तानी दिएकोले ऐन र नियमावलीको व्यवस्था विपरीत भुक्तानी दिएको अनियमित देखिएको रु — ७४८६४३

१७ **जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु — ११५६५६

गोभौनं./मिति	उपभोक्ता समिति र काम	सम्झौता रकम	कार्य सम्पन्न रकम	उपभोक्ताले व्यहोर्ने %	घटी अनुपातिक कट्टी रकम
७७।७७।३।२	उज्यालो कार्यक्रम	७५२७३४	७५२७३४	५	६०२१९

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

	उ स ३				
११४	कुसुम ग्रमिण बिद्युत उ स	६१३२७४	५३३०२४	१०.४	५५४३४
					११५६५६

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१८	**खरिद इकाइ र खरिद योजनाः** सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७),(८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना (Master Procurement Plan) स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्दावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरेतापनि वार्षिक खरिद योजना र खरिदको गुरुयोजना बनाउने तथा कार्यक्रम संशोधन सँगै वार्षिक रुपमा अद्यावधिक गर्ने कार्य गरेको देखिएन ।यस सम्बन्धमा गत वर्ष पनि औंल्याइएकोमा सुधार गरेको देखिएन ।	
१९	**टुक्रा पारी निर्माण** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नमुना छनौट गरि परीक्षण गरिएका निम्न निर्माणकार्यमा पालिकाले यो वर्ष गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ लागत अनुमान रु ६७०८६२७ कै हाराहारीमा निम्नानुसार रु ६६५२९५४ सोझै खरिद गरी निर्माणकार्य गरेको अनियमित देखिएको रु	६६५२९५४

भौ न र मिती	कार्य	निर्माण व्यवसायी	लागत अनुमान	भुक्तानी रकम
४।७६।६।१	चिलीङ् मेशिन राख्ने घर	अनमोल कन्ट्क्सन	४९५६७१	४८५४९१
१२।७६।६।१५	पटुवा खोला नियन्त्रण	पि एम डी कन्ट्क्सन	४९४९१८	४९२२६१
१५।७६।७।१	न्यायिक समिती भवन मर्मत	कपुर कन्ट्क्सन	४९६१५०	४९३५६७
१९।७६।७।१९	ढकेरी जनाता मावी माटो पटान	बस्ताकोटी नि सेवा	४७९२२७	४७४६५८
२८।७६।९।१७	सामुदायिक भवन नि	आयुष निर्माण सेवा	४७१०७४	४६३७६३
	वडा ८ ग्राभेल	सदभाव निर्माण सेवा	४६६७०५	४६५५५०
३२।७६।११।८	वालापुर सडक मर्मत	एस एम कन्ट्रक्सन	४८०६८३	४७८९३४
३३।७६।११।११	वडा ८ बाटो मर्मत	भट्टराई कन्ट्रक्सन	४७६१०३	४७४३७०
३७।७६।१२।२६	वडा ८ बाटो मर्मत	एन टी कन्ट्रक्सन	४७९४१०	४७७९२१
६९।७७।२।२३	वडा ४ देउपुरवा नाली	सिस्ने कन्ट्रकसन	४८५४०१	४८४२११
58.७७।२।२८	वडा ३ टेपारिहान वाटो	पि एम डी कन्ट्क्सन	४७३७५४	४७१४७६
५५।७७।२।६	पालिका आउने वाटो पि सि सि	भवर भवानी नि सेवा	४८०७६९	४७२५६६
९५।७७।३।१५	सभाहल निर्माण	चन्द्र निर्माण सेवा	४४४७४०	४३८८२४
११०।७७।३।१५	पोखरी निर्माण	अपेक्षा कन्ट्कसन	४८४०२२	४७९३६२
			६७०८६२७	६६५२९५४

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
२०	**सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न	

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नहुने उल्लेख छ । नमुना छनौट गरि परीक्षण गरिएका निम्न बस्तु तथा खरिदमा पालिकाले यो वर्ष सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ लागत अनुमानकै हाराहारीमा निम्नानुसार रु माल समान सोझै खरिद गरेको अनियमित देखिएको रु
<table>
<tr><th>भौ न र मिती</th><th>सामाग्री कार्य</th><th>सप्लार्यस</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१०-७६।६।१०</td><td>ए सि खरिद ५ वटा</td><td>कोहलपूर स्टोर</td><td>४६३३२७</td></tr>
<tr><td>१०६।७७।३।५</td><td>ए सि ४</td><td>युनिभर्सल ट्रेड</td><td>४३०४४५</td></tr>
<tr><td>१००।३।५</td><td>फोटोकपी मे ४ल्याप्टप ४</td><td>आउटलुक सप्लार्यस</td><td>४६००००</td></tr>
<tr><td></td><td>फोटोकपी मे ४ ल्याप्टप ४</td><td>निशान कम्प्यूटर</td><td>४६००००</td></tr>
<tr><td>१०६।७७।३।५</td><td>ल्याप्टप २</td><td>नेक्टोजेन कम्प्यूटर</td><td>१६१०००</td></tr>
<tr><td></td><td></td><td></td><td>१९७४७७२</td></tr>
</table></td><td>१९७४७७२</td></tr>
<tr><td>२१</td><td>गौ.भौ.नं.२५।७६।९।१
अर्थ मन्त्रालय कार्यक्रम संचालन निर्देशिका बुदा न ७ अनुसार कार्यक्रम गोष्ठी संचालनमा व्यवस्थापक पारीश्रमिकको व्यबस्था रहेको छैन तर गौरीगाँउ लाई पुर्ण सरसफाई उन्मुख घोषणा कार्यक्रम संचालनमा रु ७६००० खर्च भएकोमा व्यवस्थापन वापत वडा सदस्य श्री डम्बर कुमारी दमाई रु ५००० बुझेको ले निर्देशिका बिपरितको व्यबस्थापन खर्च कर बाहेक असुल गर्नु पर्ने रु</td><td>५०००</td></tr>
<tr><td>२२</td><td>विमा-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम सम्झौता अन्यथा व्यवस्था भएको बाहेक रु १० लाख भन्दा बढीकी निर्माण कार्य गराउदा विमाको व्यवस्था गर्नु पर्दछ ।कार्यालयले विभिन्न योजाना अन्तरगत बोलपत्रबाट सञ्चालित कार्यमा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको पाइयो तर ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा अधिकांश ठेक्काका निर्माण व्यवसायीले निर्माण कार्य शूरु हुँदा विमा गरेको पाईएन ।
नमुना परीक्षण गरीएका निम्न निर्माण कार्यको बील भुक्तानी गर्दा विमा नगरेको अवस्थामा विमा बापतको रकम भुक्तानी दिएकोले उक्त रकम निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने रु
साथै अन्य निर्माण कार्यमा विमा नगरी सो वापत भुक्तानी भएको रकम पालिकाले यकिन गरी असुल गर्नु पर्दछ ।
<table>
<tr><th>योजनाको नाम</th><th>निर्माण व्यवसायी</th><th>विमा अवस्था</th><th>भुक्तानी रकम</th></tr>
<tr><td></td><td>भट्टराई कन्ट्रक्सन</td><td>नभएको</td><td>४३५४०</td></tr>
<tr><td>पिपलवोट टडुवा वाटो</td><td>ब्लक वर्क कन्ट्रकसन</td><td>नभएको</td><td>१४५३५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५८०७५</td></tr>
</table></td><td>५८०७५</td></tr>
<tr><td>२३</td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५)१ (अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएका सवै निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । निर्माण व्यवसायीवाट हुने कार्यमा समेत पुर्ण रुपमा ऐनको पालना भएको देखिएन ।
नमुना छनौट गरिएका निम्न निर्माणकायमा गुणस्तर परिक्षणवापत रु भुक्तानी दिएकोमा गुणस्तर परीक्षण गरेको नदेखिएकोले उक्त कार्यवापत भएको भुक्तानी असुल गर्नु पर्ने रु
साथै अन्य निर्माण कार्यमा गुणस्तर परीक्षण नगरी सो वापत भुक्तानी भएको रकम पालिकाले यकिन गरी असुल गर्नु पर्दछ ।
<table>
<tr><th>योजनाको नाम</th><th>निर्माण व्यवसायी</th><th>गुणस्तर परिक्षण अवस्था</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>गोरदाई चोक ६।७६।७७</td><td>भक्त निर्माण सेवा</td><td>नभएको</td><td>२००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२००००</td></tr>
</table></td><td>२००००</td></tr>
</table>

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
२४	**कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन दायित्व भएको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर कार्यालयले गराएको निर्माण कार्यको अभिलेख परीक्षणमा केही निर्माण कार्यको कार्यसम्पादन जमानतको मान्य अवधि घटि रहेको देखियो । अत निर्माणकार्यको कार्यसम्पन्न गर्नुपर्ने म्याद थप गर्दा समेत सोही अनुसार कार्यसम्पादन जमानत समेत मान्य अवधि थप गरिनु पर्दछ ।	
२५	**नापी किताबः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement Book) नै तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ ।	
२६	**कार्यस्वीकार प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने गरेको देखिएन। अतः नियमावली अनुसार निर्माण कार्य सम्पन्न भई अन्तिम विलको भुक्तानी गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने गरिनु पर्दछ ।	
२७	**कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्साः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्ययसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।	
२८	**गुणस्तर सुनिश्चितताः** निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर सुनिश्चतताको लागि प्रयोगशाला परीक्षण (Lab test) गरिएको हुनु पर्दछ । निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग गरेका डण्डी, गिट्टी, सिमेन्ट, बालुवा र सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग गरिने विटुमिनको गुणस्तर परिक्षण गरेको छैन । उल्लिखित निर्माण सामाग्रीको Strength test कार्यालयले गराउन लगाएको पनि	

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>देखिएन । निर्माण सम्पन्न पश्चातसमेत गुणस्तर परिक्षण गराएको नदेखिएकोले गुणस्तर सुनिश्चितता हुन सकेन । सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग भएको विटुमिन लगायत सबै सामाग्रीको प्रयोगशाला परिक्षण गराई गुणस्तर सुनिश्चित गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td>युवा सम्वन्धी कार्यक्रम – ८३ २०७६/०६/१६ वडा न.३ को युवा सम्वन्धी कार्यक्रमको लागि संघर्षशिल युवा क्लवलाई रु.२०००००।– पेश्की दिई फछ्र्यौट गरेकोमा निम्नानुसारको व्यहोरा पाईयो ।
क० संघर्ष युवा क्लव सँग भएको सम्झौता श्रेष्ताको साथमा नभएकोले के कामको लागि रकम भूक्तानी भएको हो भन्ने सम्वन्धी जानकारी हुन सकेन ।
ख० क्लवले गाउँपालिका स्तरीय फुटवल प्रतियोगिता सञ्चालन गरेको र उक्त कार्यक्रममा भएको एम्पायर खर्च, प्रशासन खर्च,डिजे र टेन्ट खर्च लगायतको खर्च भनि रु ४७०००।— भूक्तानि लिएको छ । श्रेष्ताको साथमा खर्चलाई प्रमाणीत गर्ने कुनै प्रमाण नभएकोले त्यस्ता खर्चको लिएको रकम रु.४७०००।— असुल गर्नुपर्ने रु.</td><td>४७०००</td></tr>
<tr><td>३१</td><td>अपांग परिचय पत्र वितरण भत्ता - लुम्विनि प्रदेशको सार्वजनिक खर्वको मापदण्ड, कार्यविधि र मितव्यिता सम्वन्धी निर्देशिका, २०७५ १वैठक भत्ता सम्बन्धी मापदण्हरु निर्धारण गरको छ । एउटै निकाय र अन्तरगतका कर्मचारीहरु भएको वैठकमा वैठक भत्ता लिन नपाउने साथै कानुनी रुपमा गठन भएका समितिको वैठक भत्ता मात्र भूक्तानी गर्न मिल्ने व्यवस्था छ।पालिकाले अपांग परीचय पत्र वितरण गरे वापत वडा न.१ निम्नानुसारका कर्मचारीहरुलाई निम्नानुसारको रकम भूक्तानी गरेकोले नियम विपरीत भएको भूक्तानी असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>नाम थर</th><th>कर कट्टा गरी भूक्तानी रकम</th></tr>
<tr><td>१</td><td>रुद्रमणी ढकाल</td><td>१२७५.००</td></tr>
<tr><td>२</td><td>लिला नेपाली</td><td>१२७५.००</td></tr>
<tr><td>३</td><td>यम कुमारी वली</td><td>१२७५.००</td></tr>
<tr><td>४</td><td>देब बहादुर के.सी.</td><td>१२७५.००</td></tr>
<tr><td>५</td><td>कमान सिंह वली</td><td>१२७५.००</td></tr>
<tr><td>६</td><td>दिल बहादुर कुमाल</td><td>१२७५.००</td></tr>
<tr><td>७</td><td>कृष्णा खड्का</td><td>१२७५.००</td></tr>
<tr><td>८</td><td>पुनमः के.सी.</td><td>१२७५.००</td></tr>
<tr><td>९</td><td>धनि कुमारी खत्री</td><td>१२७५.००</td></tr>
<tr><td>१०</td><td>विरेन्द्र वहादुर माझी</td><td>१२७५.००</td></tr>
<tr><td>११</td><td>दमकला जैसी</td><td>१२७५.००</td></tr>
<tr><td>१२</td><td>कान्ती शर्मा</td><td>१२७५.००</td></tr>
<tr><td>१३</td><td>राम रतन थारु</td><td>१२७५.००</td></tr>
<tr><td>१४</td><td>श्री यम जंग विष्ट</td><td>१२७५.००</td></tr>
<tr><td>१५</td><td>प्रेमा रीजाल कुसारी</td><td>१२७५.००</td></tr>
<tr><td>१६</td><td>सम्झना दलामी</td><td>१२७५.००</td></tr>
<tr><td>१७</td><td>वुद्धीमान विष्ट</td><td>१२७५.००</td></tr>
<tr><td>१८</td><td>चेत वहादुर वोहोरा</td><td>१२७५.००</td></tr>
<tr><td>१९</td><td>खीम लाल वली</td><td>१२७५.००</td></tr>
<tr><td>२०</td><td>राम ब. कार्की</td><td>१२७५.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२५५००.००</td></tr>
</table></td><td>२५५००</td></tr>
<tr><td>३२</td><td>विल भरपाई वेगर खर्च- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न प्रहरी चौकी तथा ईलाका प्रहरी कार्यालयलाई भूक्तानी गरेको निम्नानुसारको रकममा विल तथा भरपाई श्रेष्ताको साथमा नरहेको हुनाले खर्चलाई प्रमाणित गर्ने प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>क्र.स.</td><td>भूक्तानी पाउनेको नाम</td><td>भूक्तानी रकम</td></tr>
<tr><td>१</td><td>कमल थापा क्षेत्री</td><td>१००००.००</td></tr>
<tr><td>२</td><td>भुप बहादुर राना</td><td>१००००.००</td></tr>
<tr><td>३</td><td>महेश वोहोरा</td><td>७०००.००</td></tr>
<tr><td>४</td><td>राम वहादुर कार्की</td><td>७०००.००</td></tr>
<tr><td>५</td><td>शम्भु धिताल</td><td>७०००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४१०००.००</td></tr>
</table></td><td>४१०००</td></tr>
<tr><td>३३</td><td>फरक कार्यक्रममा खर्च – पालिकले सभाबाट स्विकृत भएको कार्यक्रम तथा योजनाको वजेटलाई सोही योजना तथा कार्यक्रममा खर्च गर्नुपर्दछ।यसरी पालिकाले सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालनको कार्यक्रमको वजेट बाट विभिन्न २ वटा विद्यालयलाई अनुदान निम्नानुसारको अनुदान दिएको पाईयो । साथै अनुदानको अनुगमन समेत गरेको पाईएन । यसरी कार्यक्रममा खर्च भएको रकम अनियमित भएको रु.
<table>
<tr><td>क्र.स.</td><td>विद्यालयको नाम</td><td>अनुदान रकम</td></tr>
<tr><td>१</td><td>लक्ष्मी सामुदायिक क्याम्पस कचनापूर</td><td>२०००००.००</td></tr>
<tr><td>२</td><td>जन सिद्धेश्वर बहुमुखी क्याम्पस फत्तेपूर</td><td>२०००००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४०००००.००</td></tr>
</table></td><td>४०००००</td></tr>
<tr><td>३४</td><td>विवरण पेश नभएको - ४६५२०७७/०३ पालिकाले सेवा तथा परामर्श खर्च बाट विभिन्न ऐन तथा नियमहरु निर्माण वापत विभिन्न ३ वटा कन्सल्टेन्सिहरुलाई रु.१४७६९१०.०० भूक्तानी गरेको छ।लेखापरीक्षणको क्रममा उक्त कन्सल्टेन्सीहरुले के-के कानुन बनाए भन्ने विवरण साथै उक्त कन्सल्टेन्सीहरु सँग भएको सम्झौता पेश हुनुपर्ने रु.
<table>
<tr><td>क्र.स.</td><td>भूक्तानीको विवरण</td><td>भूक्तानी रकम रु.</td></tr>
<tr><td>१</td><td>ईन्टिग्रेटेड स्टडिज एण्ड रीसर्च सेन्टर प्रा.ली.</td><td>४९२,६८०.००</td></tr>
<tr><td>२</td><td>डल्ट्रक्स आईटी सोलुसन्स प्रा.ली.</td><td>४९१,५५०.००</td></tr>
<tr><td>३</td><td>सार्थक ईन्जिनियरीङ्ग कन्सल्टेन्सि प्रा.ली.</td><td>४९२,६८०.००</td></tr>
<tr><td></td><td></td><td>१,४७६,९१०.००</td></tr>
</table></td><td>१४७६९१०</td></tr>
<tr><td>३५</td><td>दाखिला नगरेको-प्रदेश आर्थिक कार्याविधी नियमावली २०७४, को नियम ४८ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले गौ.भै.नं.५१५ २०७७/०३/१७ बाट वडा न.२ को फिजिकल फिटनेस सामग्री खरीद वापत रमन सप्लायर्सलाई रु. १९९६७१.०० भूक्तानी भएकोमा वडामा तथा वडाले दिएको क्लवमा सामान दाखिला गरेको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१९९६७१</td></tr>
<tr><td>३६</td><td>बैठक भत्ता ४५९ २०७७/०३/०४ लुम्विनि प्रदेशको सार्वजनिक खर्वको मापदण्ड, कार्यविधि र मितव्यिता सम्वन्धी निर्देशिका, २०७५ १ वैठक भत्ता सम्बन्धी मापदणहरु निर्धारण गरको छ । एउटै निकाय र अन्तरगतका कर्मचारीहरु भएको वैठकमा वैठक भत्ता लिन नपाउने साथै कानुनी रुपमा गठन भएका समितिको वैठक भत्ता मात्र भूक्तानी गर्न मिल्ने व्यवस्था छ।पालिकाले निम्नानुसारका कर्मचारीहरुलाई वैंठक वापत निम्नानुसारका कर्मचारीहरुलाई निम्नानुसारको रकम भूक्तानी गरेकोले नियम विपरीत भएको भूक्तानी असुल हुनुपर्ने रु.</td><td>१९१२५०</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>क्र.स.</td><td>नाम थर</td><td>कर कट्टा गरी भूक्तानी रकम</td></tr>
<tr><td>१</td><td>दल बहादुर वस्नेत</td><td>२५५००.००</td></tr>
<tr><td>२</td><td>गौरव कुमार लामिछाने</td><td>२४२२५.००</td></tr>
<tr><td>३</td><td>यथेष्ट पुन मगर</td><td>२२९५०.००</td></tr>
<tr><td>४</td><td>कृष्ण वहादुर रोकाया</td><td>२२९५०.००</td></tr>
<tr><td>५</td><td>वालानन्द पौडेल</td><td>२४२२५.००</td></tr>
<tr><td>६</td><td>राम बहादुर वुढा</td><td>२५५००.००</td></tr>
<tr><td>७</td><td>दुर्गा के.सी.</td><td>२५५००.००</td></tr>
<tr><td>८</td><td>शुलभ रोकाया</td><td>१२७५०.००</td></tr>
<tr><td>९</td><td>युवराज वस्नेत</td><td>२५५०.००</td></tr>
<tr><td>१०</td><td>सन्तोष राज पाण्डे</td><td>२५५०.००</td></tr>
<tr><td>११</td><td>दिपक के.सी.</td><td>२५५०.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९१२५०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td>नर्म्स भन्दा बढी भूक्तानी- लुम्विनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका,२०७५ ८. को लेख रचना सम्वन्धी मापदण्डमा लेखकले प्रति लेख रु२०००।– प्राप्त गर्ने भन्ने कुरा उल्लेख छ । तर पालिकाले हाईवे पोष्ट राष्ट्रीय दैनिकलाई २९ वटा लेख रचना वापत ६०००।-का दरले १७४०००।-मा १५ प्रतिशत अग्रीम आय कर कट्टा गरी रु.१४७९००।– भूक्तानी गरेको पाईयो । यसरी प्रति लेख रु२०००।-मा कर कट्टा गरी २९ वटा लेखको रु.४९३००।– भूक्तानी हुनुपर्नेमा वढी भूक्तानी भएको रकम असुल हुनुपर्ने रु.</td><td>९८६००</td></tr>
<tr><td>३८</td><td>सवारी साधन भाडा- पालिकाले बल बहादुर खड्कासँग मासिक रु.१३२०००।— का दरले भूक्तानी दिने गरी गाडी भाडाको सम्झौता गरेको छ र वार्षिक रुपमा सवारी साधन भाडामा मात्र पालिकाले रु.१५८४०००।— भूक्तानी गरेको छ । पालिकाले सवारी साधन भाडामा लिदा प्रतिस्पर्धा मार्फत नगरी सिधै सझौता गरेको देखिन्छ । यसरी प्रतिस्पर्धा वेगर भाडा दरको कूनै आधार विना सवारी साधन भाडामा लिदा पालिकालाई ठूलो व्यय भार पर्न गएको देखिन्छ । पालिकाले यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td>खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रम- पालिकाले खानेपानी तथा सरसफाई सम्वन्धी विभिन्न कार्यक्रममा पाईप खरीद तथा जडानको लागि रु.११८५५६१.०० एस.एण्ड एस् सप्लायर्सलाई भूक्तानी गरको मा निम्नानुसार पाईयो ।
क० आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले भूक्तानीमा भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु ६८१८५ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.
ख० सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १२३(४) मा व्यवस्था भए अनुसार विल वा विजक भूक्तानीमा पाँच प्रतिशत धरौटी कट्टा गरी भूक्तानी हुनुपर्नेमा धरौटी कट्टा नगरी भूक्तानी भएकाले अनियमित भएको रु.</td><td>६८१८५
५२४५०</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४०</td><td>कन्टिन्जेन्सी कट्टा नगरेको- २७४ २०७६/११/१० रेडियो भुवर भवानी एफ्.एम्.लाई विभिन्न कार्यक्रम प्रसारणका लागि रु.१४०००००।– मा सम्झौता भएको छ ।सम्झौताको शर्त न.८ मा ३ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी भूक्तानी दिने भनि उल्लेख भएकोमा पालिकाले कट्टी नगरी भूक्तानी दिएको पाईयो ।यसरी १४०००००।– को ३ प्रतिशतले हुने रकम रु.४२०००।– असुल गर्नुपर्ने रु</td><td>४२०००</td></tr>
<tr><td>४१</td><td>दाखिला नगरेको- प्रदेश आर्थिक कार्याविधी नियमावली २०७४, को नियम ४८ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राखु पर्ने व्यवस्था छ ।गौ.भो.नं.२९९ २०७६/११/१२ बाट वडा न.३ को फिजिकल फिटनेस सामग्री खरीद वापत वि.वि.साईकल सेन्टरलाई रु. ४९९९५९.०० भूक्तानी भएकोमा वडामा तथा वडाले दिएको क्लवमा सामान दाखिला गरेको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४९९९५९</td></tr>
<tr><td>४२</td><td>साईकल खरीद- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । महिला सम्वन्धी विभिन्न कार्यक्रम अन्तरगत ९ वटा स्वास्थ्य संस्थाहरुका ११० जना महिला स्वास्थ्य स्वयम् सेविकालाई रु.७०००।– का दरले रु.७७००००।– साईकल खरीदका लागि भूक्तानी गरेकोमा श्रेष्तको साथमा विल भरपाई संलग्न नरहेकोले साईकल खरीद गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>७७००००</td></tr>
<tr><td>४३</td><td>बजेट भन्दा बढी खर्च- पालिकाले स्विकृत भएर आएका कार्यक्रमको वजेट परीधि भित्र रही खर्च गर्नुपर्दछ। यसवर्ष पालिकालाई संघीय सरकारको रु.२४२७०८३३४।– अनुदान प्राप्त भएकोमा पालिकाले रु.२४३४३४८९७.६० खर्च गरेको छ । प्राप्त भएको अनुदान भन्दा रु.७२६५६३.६ बढी खर्च गरको अनियमित देखिएको रु.</td><td>७२६५६३</td></tr>
<tr><td>४४</td><td>प्रदेश चालु
गैरसरकारी संस्थामार्फत वितरणमुखी कार्यः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ अनुसार जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सबलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन सक्ने व्यवस्था उल्लेख छ।पालिकाले दलित सेवा संघ, कोहलपुरसँग व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम र झोला, विद्यालय पोशाक सहयोग कार्यक्रम सञ्चालन गर्नका लागि मिति २०७७।१२।७ मा सम्झौता गरी कार्यक्रम गराएकोमा देहायको गोश्वारा भौचरबाट जम्मा रू.७९८००० खर्च लेखेको देखिन्छ।जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण जस्ता कार्य मात्र गैर सरकारी संस्थाबाट गराउन सकिने कानूनी व्यवस्था विपरित तरकारीको बिउ खरिद गरी किसानलाई वितरण गर्ने र विद्यार्थीलाई झोला, पोशाक लगायतका अन्य सामग्रीहरू खरिद गरी वितरण गर्ने जस्ता विशुद्ध वितरणमुखी कार्य गैर सरकारी संस्थाबाट पालिकाले गराएको र स्रेस्ता परीक्षण गर्दा दलित सेवा संघ मार्फत उक्त कार्यक्रम गराउँदा मितव्ययी हुनुको साटो अझ बढी खर्चिलो भएको देखिन्छ यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>गोभौनं./मिति</td><td>कार्यक्रमको नाम</td><td>खर्च रू.</td></tr>
<tr><td>१३/२०७७।३।२५</td><td>व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम</td><td>४९९०००</td></tr>
<tr><td>१४/२०७७।३।२५</td><td>झोला, विद्यालय पोशाक सहयोग कार्यक्रम</td><td>२९९०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४५</td><td>बाखा वितरण कार्यक्रमः ८/२०७७।३।१७ यस गाउँपालिकाले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्तर्गत प्रगतिशील पशुपालन बहुउद्देश्यीय सहकारी संस्थाबाट ६३ माउ बाखा खरिद गरी २१ जना एकल महिलाहरूलाई प्रति व्यक्ति ३ वटाका दरले वितरण गरी जम्मा रू.७००००० खर्च लेखेकोमा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>देहायबमोजिमका व्यहोरा देखिन आएका छन्:
• एकल महिलाहरूलाई बाख्रा वितरण गरेपछि निजहरूलाई बाख्रा ढुवानी गरी लैजानका लागि ढुवानी ज्याला रकम रू.१२५०० भुक्तानी दिएको देखिन्छ। बाख्रा वितरण गरी सकेपछि के कसरी र कति खर्चमा बाख्रा गन्तव्य स्थानसम्म लैजाने भन्ने विषय सम्बन्धित लाभग्राही कृषककै जिम्मेवारी अन्तर्गत पर्ने भएकाले ढुवानी ज्याला बापत भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.
• संगिनी सामाजिक उद्यमी महिला सहकारी संस्थाबाट बिमा शुल्क बापत गाउँपालिकाको नाममा जारी भएको रू.७८७५ को नगदी रसिद पेश गरी ना.प.स्वा.प्र. जानकीकुमारी थारुले भुक्तानी लिएको देखिन्छ।यस नगदी रसिदबाट वास्तविक रूपमा बाख्राको बीमा भएको नदेखिने भएकोले ६३ वटा बाख्राहरूको बीमा भएको देखिने इन्सुरेन्स कम्पनीबाट जारी भएको बिल भरपाई पेश गर्नुपर्ने रू.</td><td>१२५००

७८७५</td></tr>
<tr><td>४६</td><td>कर बीजकः ११/२०७७।३।१९ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने उल्लेख छ।मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सिफारिस समिति सदस्य, चमेली बाकवालद्वारा सञ्चालित वायरिङ्ग तालिमका लागि दिपिका बिजुली भण्डार, कोहलपुर(६०३९७४७८२) बाट दुई वटा प्यान बिलबाट रू.३८४०० को सामग्रीहरू खरिद भएको देखिन्छ।आन्तरिक राजस्व कार्यालयको वेभसाइटमा प्यान सर्च गर्दा उक्त आपूर्तक मिति २०७६ साल असोज २ गते भ्याटमा दर्ता भएको देखिन्छ।यसरी मू.अ.करमा दर्ता भएको आपूर्तिकर्ताले कर बिजक जारी नगरी कर छली गरेको देखिएकोले देहायबमोजिमको १३ प्रतिशत मू.अ.कर सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रू.
<table>
<tr><th>बिल नं.</th><th>मिति</th><th>बिल रकम</th><th>मू.अ.कर</th></tr>
<tr><td>५८२</td><td>२०७७।३।११</td><td>१८५००</td><td>२१२८</td></tr>
<tr><td>६६३</td><td>२०७७।३।७</td><td>१९९००</td><td>२२८९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३८४००</td><td>४४१७</td></tr>
</table></td><td>४४१७</td></tr>
<tr><td>४७</td><td>एकीकृत स्वास्थ्यतर्फको वार्षिक समीक्षाः ५/२०७६।१०।११ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार कार्यालयले तालिम, गोष्ठी, सेमिनार, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिता समावेश गरी कार्यक्रम सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ।पालिकाले आ.व.२०७६।७७ को एकीकृत जनस्वास्थ्य तर्फको एक दिने वार्षिक समीक्षा गोष्ठी गरेकोमा उक्त गोष्ठीको सम्पन्न प्रतिवेदन तयार गरेको देखिदैन।पालिकाले यस तर्फ आगामी दिनमा ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td></td><td>सशर्त कार्यक्रमतर्फः यसमा देहायका व्यहोराहरु देखिएका छन् ।</td><td></td></tr>
<tr><td>४८</td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>४८.१</td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि. नं.</th><th>विद्यालयको नाम</th><th>ठेगाना</th><th>शिक्षक दरवन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
</table></td><td></td></tr>
</table>

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

१	श्री भानू प्रा.वि.	सिक्टा	२	२		२५
२	श्री नेपाल राष्ट्रिय प्रा.वि.	गाभर	२	२		३९
३	श्री शिवशक्ति प्रा.वि.	सौरी	१	१	१	३२
४	श्री हरिसिद्ध प्रा.वि.	भम्का	३	३	१	६५
५	श्री सती भवानी आ.वि.	भवानियापूर	४	४	४	२००
६	श्री नेपाल राष्ट्रिय प्रा.वि.	खोकरी	३	३		५९
७	श्री ज्ञानपुर्णोदय प्रा.वि.	बाघखोर	३	३	२	५३
८	श्री जनज्योति प्रा.वि.	चप्परगौडी	१			१३
९	श्री कूशूमेश्वर मा.वि.	बैरिया	१६	१३	८	४३१
१०	श्री सिद्धेश्वर महादेव मा.वि.	लौकी	८	६	२	२५४
११	श्री नेपाल राष्ट्रिय आ.वि.	राजपूर	५	५	१	२११
१२	श्री दूर्गा भवानी मा.वि.	शम्शेरगंज	४	४	४	२८०
१३	श्री लक्ष्मी मा.वि.	मुदुई	१७	१६	६	६३५
१४	श्री नेपाल राष्ट्रिय आ.वि.	टिकुलीपूर	६	६	२	१७९
१५	श्री सहिदस्मारक आ.वि	खोरीया	४	४	२	३१०
१६	श्री नेपाल राष्ट्रिय आ.वि.	महेन्द्रपूर	४	४	२	२८७
१७	श्री जयदूर्गा आ.वि.	मदुवा	४	४	३	१३७
१८	श्री नेपाल राष्ट्रिय मा.वि.	अगैया	५	५	३	३०५
१९	श्री जनजागृति आ.वि.	नवलपूर	४	४	४	२९५
२०	श्री गणेश आ.वि.	खैरहनी	५	५	४	१०६
२१	श्री सरस्वति मा.वि.	भवनियापूर	१७	१७	९	७४६
२२	श्री जनज्योति प्रा.वि.	नारायणपूर	१	१	१	६२
२३	श्री नेपाल राष्ट्रिय आ.वि.	कूम्भर	५	५	३	३५६
२४	श्री सूर्योदय प्रा.वि.	खयरभट्टि	१	१	१	५७
२५	श्री जनशक्ति मा.वि.	बैजापुर	११	११	७	७१९
२६	श्री नेपाल राष्ट्रिय प्रा.वि.	सूर्यलालपूर	५	४	२	१७४
२७	श्री जनभावना प्रा.वि.	माहुं	१	१		४४
२८	श्री नेपाल राष्ट्रिय मा.वि.	धामपूर	५	४	२	३४०
२९	श्री ज्ञानज्योति प्रा.वि.	जवरपूर	१	१		७७
३०	श्री नेपाल राष्ट्रिय मा.वि.	चिलहरिया	८	७	१	४०४
३१	श्री सिद्धेश्वरी प्रा.वि.	नयांवस्ती	२	२	१	६०
३२	श्री भूवरभवानी मा.वि.	विनौना	१६	१५	४	४८४
३३	श्री बालक शान्ति प्रा.वि.	चाचरफर्का	२	२	२	१३२
३४	श्री समय भवानी आ.वि.	अलिनगर	७	७	३	२००
३५	श्री नेपाल राष्ट्रिय आ.वि.	गूलरी	८	८	४	२९१
३६	श्री सूकमैया प्रा.वि.	विजयनगर	२	२	१	२५४
३७	श्री सरस्वति मा.वि.	पनेरिया	९	९	८	४०२
३८	श्री सिद्धेश्वर मा.वि.	सिधनवां	१९	१७	७	८५५
३९	श्री दिपज्याति प्रा.वि.	मोहनपूर	२	२	२	१३१
४०	श्री नेपाल राष्ट्रिय मा.वि.	सर्री	९	९	५	६२७
४१	श्री नेपाल राष्ट्रिय आ.वि.	खल्लाभ्रूगडिया	७	७	५	१८०
४२	श्री ज्ञानोदय प्रा.वि.	देउपूरा	१	१		७५
४३	श्री अमरज्योती आ.वि.	नन्कौपूर	६	६	४	५००
४४	श्री दीप प्रकाश प्रा.वि.	नयांवस्ती	१	१		२७८
४५	श्री बाल शान्ति आ.वि.	भेलुनिया	३	३	२	२४८
४६	मदरसा कादरीया गूल्सने गाजी	नयांबस्ती	१	१	१	१५१
४७	मदरसा मुस्ताफा उलुम पिप्रहवा	पिप्रहवा	०			९५
४८	श्री शिवशक्ति मा.वि.	पेरानी	१४	१४	४	५८४
४९	श्री जनशक्ति आ.वि.	बालापूर	६	६	३	२४०
५०	श्री भगवती आ.वि	ओभरी	५	५	३	९३
५१	श्री गणेश मा.वि.	ढकेरी	१६	१५	५	४८२
५२	श्री जनता मा.वि.	बैजनाथपूर	६	६	३	३३०
५३	श्री नेपाल राष्ट्रिय आ.वि.	महादेवा	४	४	१	१३१
५४	श्री सरस्वती प्रा.वि.	गुरुवागाउं	४	३	३	३५

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>| | जम्मा | | ३०६ | २९१ | १४६ | १३७५३ |

उल्लेखित दरबन्दी बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाएर समायोजन तथा पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८.२</td><td>शिक्षक दरवन्दी - पालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि., र मा.बि. का स्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन।</td><td></td></tr>
<tr><td>४८.३</td><td>सामुदायीक विद्यालयको गुणस्तर : स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । गाउँपालिकाले आ. व. २०७६।७७ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४८.४</td><td>विद्यालयगत निकासा खाताः कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यखलयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४८.५</td><td>छात्रावृत्ति निकासा —आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले छात्रवृति लागि ५४ वटा विद्यालयलाई रु.२४४२४००।०० सम्बन्धित विद्यालयको खातामा जम्मा गरेको छ । पालिकामा रहेको ५४ विधालय मध्ये ८ विधालयलाइ नमूनाको रुपमा छनौट गर्दा देहायका विद्यालयहरुलाई दिनुपर्ने भन्दा बढी निकासा सोधभर्ना गरेको देखियो । यस्तै पालिका अन्तरगतका अन्य विद्यालयमासमेत बढी निकासा भएको हुन सक्ने भएकोले कार्यालय आफैंले एकिन गरि असुल गर्नु पर्दछ । साथै देहाय अनुसारका विद्यालयहरुबाट उक्त रकम असुल गरिनु पर्ने देखिएको रु . | विद्यालयको नाम	निकाशा रकम	छात्रा वृत्तिमा भएको खर्च रकम	बढी निकासा
सिद्श्वर महादेव मा वि लौकी	६१०००.००	५३०००.००	८०००.००
जनशक्ति मा वि बैंजपुर	१३२०००.००	१२६८००.००	५२००.००
लक्ष्मि मा वि	७१०००.००	७०८००.००	२००.००
जनता मा वि बैजनाथ	५४२००.००	४८८००.००	५४००.००
दुर्गा भवानि शमशेरगँज	३८८००.००	३४४००.००	४००.००
जम्मा	**३५७०००**	**३३३८००**	**१९२००** |</td><td>१९२००</td></tr>
<tr><td>४८.६</td><td>पाठ्यपुस्तक सोधभर्ना- पालिकाले विद्यालयहरुलाई पाठ्य पुस्तक खरिदको रकम शोधभर्ना गर्दा विद्यालयले खरिद गरेको पुस्तकको संख्या र अध्ययनरत विद्यार्थी संख्यामा जुन घटि हुन्छ सोही संख्याको पुस्तकको रकम सोधभर्ना गरेको हुनुपर्दछ । पालिकावाट यस वर्ष पाठयपुस्तक वापत ५४ विधालयलाइ रु ७०८१४४१ निकासा गरेकोमा ७ वटा विधालयहरुमा केही नमुना छनौटको रुपमा परीक्षण गर्दा देहायका विद्यालयहरुलाई दिनुपर्ने भन्दा बढी निकासा सोधभर्ना गरेको देखियो । यस्तै पालिका अन्तर्गतका अन्य विद्यालयमासमेत बढी निकासा भएको हुन सक्ने भएकोले कार्यालय आफैंले एकिन गरि असुल</td><td>४५६६५</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गर्नु पर्दछ । साथै देहाय अनुसारका विद्यालयहरुबाट उक्त रकम असुल गरिनु पर्ने देखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>विद्यालयको विलमा भएको खर्च र पुस्तक विरणको भरपाइ अनुसार</th><th>वढि निकासा भइ विधालय वाट फिर्ता हुनु पर्ने</th></tr>
<tr><td>१</td><td>कुसुमेश्वर मा वि</td><td>२३००२७.००</td><td>१८४३६२.००</td><td>४५६६५.००</td></tr>
<tr><td>२</td><td>सिदेश्वर मा वि लौकि</td><td>१८४१३४.००</td><td>विल पेश नभएको</td><td></td></tr>
<tr><td>३</td><td>जनशक्ति मा वि वैजापुर</td><td>४१०६५९.००</td><td>विल पेश नभएको</td><td></td></tr>
<tr><td></td><td>शहित स्मारक आ वि खोरीया</td><td>१६३१८७.००</td><td>विल पेश नभएको</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४८.७</td><td>९९-०७७/३/२७ सेनिटरी प्याड खरिद तथा वितरणः सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन शिलबन्दी दरभाउपत्रको माध्यमबाट छनौट गरी Deuti surgimed pvt.ltd लाई प्रति पकेट रु.४९।५० का दरले ७३९८२ प्याकेटको रु. ४१३८१८३।१७ (मूअकर समेत) भुक्तानी गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

पालिकाले उक्त सेनिटरी प्याड विभिन्न सामुदायिक विद्यालयलाइ मिति २०७७।१०।८ सम्म मा ६९४९२ प्याकेट वितरण गरेको देखीन्छ ।वितरण गर्न वाकी ४४९० प्याकेट रु २५११२५।७० को वितरण भरपाइको प्रमाण पेश गर्नुपर्ने रु
सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६दफा ५ वमोजिम उपलव्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी विधालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विधालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा यस सवन्धमा कुनै प्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ २७ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन ।</td><td>२५११२५</td></tr>
<tr><td>४८.८</td><td>अनुदानको अनुगमन : कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ । विधालय क्षेत्र विकास कार्यक्रम अन्तरगत विधालय भुकम्पीय सुरक्षा कार्यक्रम सम्वन्धमा यस पालिका वाट भुकम्प वाट चर्किएको भवनको रेट्रोफिटिङ्ग वापत गणेश मा वि ढकेरीलाइ रु १५०००००।०० निकासा भएकोमा अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने देखिएको छ।</td><td></td></tr>
<tr><td>४८.९</td><td>अनुदानको अनुगमन - कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ । विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । विद्यालय क्षेत्र विकास कार्यक्रम क्रियाकलाप न 2.7.13.13मा शैक्षिक गुणस्तर सुद्दिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत निम्न विद्यालय लाइ जम्मा रु.४५५००००।०० निकासा भएको देखिन्छ । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ अनुगमन प्रतिवेदन तथा विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>४५५००००</td></tr>
</table>

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

विधालयको नाम	पुस्तकालय स्थापना	I C T ल्याव	विज्ञान प्रयोगशाला
दुर्गा भवानि मा वि		६५००००.००	
लक्ष्मि मा वि			६५००००.००
नेपाल राष्ट्रिय मा वि		६५००००.००	
सरस्वति मा वि		६५००००.००	
जनशक्ति मा वि	६५००००.००		
नेपाल राष्ट्रि मा वि			६५००००.००
कुश्मेश्वर मा वि कुसुम	६५००००.००		
जम्मा	१३०००००.००	१९५००००.००	१३०००००.००

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४९	**जि स स तर्फ २।७७।३।१६** **बिल भरपाई नभएको** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ उप नियम ५ मा विल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले विद्यालय निर्माण कार्यका लागी सिद्देश्वर मा बि रासि सोनारी ६ लाई २०७७।३।२५ सम्म कार्य सम्पन्न गर्ने गरी रु३३ लाख ९५ हजार भुक्तानी भएकोमा स्विकृत कार्यक्रम अनुसार कार्यसंचालन भएको प्रमाण कागजात पेश नभएकोले सम्झौता अनुसार कार्य सम्पन्न भएको बिल भरपाई प्राबिधिक मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु	३३९५०००
	स्थानीय साझेदारी पूर्वाधार विकास कार्यक्रम-	
५०	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम १५ मा यस नियमावली वमोजिम सञ्चालित कार्यक्रमहरु प्रभावकारी बनाउन स्थानीय तहले प्रचलित कानून बमोजिम सार्वजनिक परिक्षणका विधि अवलम्बन गरी सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सार्वजनिक परीक्षण गराएको देखिएन । कार्यालयले यो वर्ष स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तगर्त विभिन्न ८ वटा योजनामा १ करोड ६९ लाख २४ हजार खर्च गरेको छ । अत: नियमावलीको अनुशरण गरिनु पर्दछ ।	
५१	**सशर्त स्वास्थ्य तर्फ**	
५१.१	**तलबी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
५१.२	**मासिक हाजरी विवरण** :आर्थिक कार्यबिधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३९(४) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई तथा आवस्यक प्रमाण कागजात सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकावाट विभिन्न स्वास्थ्य चौकिमा कार्यरत स्वास्थ्य कर्मिहरुलाइ गाँउघर क्लिनिक र खोप कार्यक्रम वापत मासिक रु १५०० का दरले १५ जनालाइ वार्षिक रु ११८१००।०० यातायात खर्च उपलव्ध गराएकोमा उक्त स्वास्थ्य कर्मिहरुको मासिक हाजिरि विवरण र सो काम लाइ पुष्ट्याइ गर्ने कागजात संलग्न नभएकोले सो को प्रमाण पेश हुनु पर्ने रु	११८१००
५१.३	**सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन वमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था छ ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक गरी पाँच लाख रुपैयाँभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ।गौ.भौन ५।०७६।१२।०२ मा पालिका अन्तर्गत वडा न ४ मा रहेको	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	वैजपूर स्वास्थ्य चौकिमा नँया एम्वुलेन्स खरिद वापत रु ११९६०६१।०० स्वास्थ्य चौकिलाइ भुक्तानि गर्दा निम्न व्यहोरा देखीएको छ। यसरी खरिद कार्य टुक्रा टुक्रा गरी आपूर्तिकर्तालाई लाभ पुर्याउने गरी भएको खरिद नियम सम्मत देखिएन । क)खरिद गर्दा कानून विपरीत प्रतिस्पर्धा सिमित हुने गरी Agni Incorporated pvt .ltd सँग सोझै खरिद गरी भुक्तानि दिएकोमा उक्त फर्मले पेश गरेको सक्कल विल सलंग्न नरहेकोले सो को प्रमाण पेश हुनुपर्ने रु (ख)मालसामनको निरीक्षण र स्वीकृती (१) सार्वजनिक निकायले आपूर्ति गरीएका मालसामन सम्झौतामा उल्लेखीत प्राविधिक स्पेसिफिकेशन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पदर्छ भन्ने व्यवस्था रहेको मा यस नगरपालीकाले उक्त सामानहरुको प्राविधिक परीक्षण नगरी सोझै सामान प्राप्त भएपछी जिन्सि कितावमा दाखिला गरेको छ। प्राविधिक वाट सामानको गुणस्तर परीक्षण गरी प्रतिवेदन पेश हुनुपर्दछ ।	८९३८४५
५२	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले औषधि शिलबन्दी दरभाउपत्रको विधिबाट खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः	
५२.१	• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
५२.२	• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
५२.३	• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
५२.४	• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
५२.५	• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
५२.६	• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
५३	**वितरण भरपाइ पेश हुनुपर्ने - —**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले गो भौ न ३४।०७६।११।१ मा न्यानो झोला खरीद वापत वि पी फेशन डिजाइन सेन्टरलाइ ५०० थान को (७९५ मू अ कर वाहेक) रु ४४३२१२।०० भुक्तानि दिएकोमा १९२ थान विभिन्न स्वास्थय चौकिलाइ हस्तान्तरण गरेको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु	१७२४८३
५४	**सामाजिक सुरक्षा**	
५४.१	**लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक	

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम आ एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको नदेखीएको साथै निष्किय रहेका लाभग्राहीहरुको वैक खाता समेतको अनुगमन निर्देशिका अनुसार गरिनु पर्दछ।	
५४.२	**सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।	
५४.३	**सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।	
५४.४	मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्कमार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख वाट कट्टा गरि भत्ता वितरण लाइ व्यवस्थित र विश्वसनिय वनाउन वैकिङ प्रणालि मार्फत वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
५४.५	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा गाउँपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली MIS मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछिवा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोभै सप्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि मा MIS प्रविष्ट गर्नुपर्नेमा सोभ गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोभै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय पन्जिकरण	

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>विभागमा अनुसूची ८ (क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५४.६</td><td>नागरिकता प्रमाण पत्र वेगर भुक्तानिः- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७५ को बुँदा ८ मा भत्ता पाउन योग्य लाभग्राहिको उमेरको गणना गर्दा नेपाली नागरीकताको प्रमाण पत्र उल्लेखित जन्म मितिलाइ आधार बनाइने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा वडा न ६ र ७ मा परीक्षण गर्दा पहिलो, दोस्रो तथा तेस्रो किस्तामा सामाजिक सुरक्षा भुक्तानी गर्दा निम्नानुसारको नागरिकता नं. वेगर भएको देखियो । निम्न वडाका निम्न लाभग्राहीहरुको नागरिकता प्रमाण नं खुलेको बिवरण पेश भएको नदेखीएकोले सो को एकीन हुनुपर्ने रु.
<table>
<tr><th>वडा नं</th><th>भत्ताको प्रकार</th><th>नाम</th><th>भत्ताको प्रकार</th><th>जम्मा रकम</th></tr>
<tr><td rowspan="10">६</td><td rowspan="3">जेष्ठ नागरिक भत्ता (अन्य)</td><td>कौशिल्या राना</td><td></td><td>३६०००.००</td></tr>
<tr><td>तिर्थमालि वुढामगर</td><td></td><td>३६०००.००</td></tr>
<tr><td>मँगली देवि सार्कि</td><td></td><td>३६०००.००</td></tr>
<tr><td rowspan="2">एकल महिला भत्ता</td><td>जुगरी थरुनि</td><td></td><td>३६०००.००</td></tr>
<tr><td>वजारी थरुनि</td><td></td><td>३६०००.००</td></tr>
<tr><td rowspan="2">विधवा भत्ता</td><td>गुइटी थरुनि</td><td></td><td>२४०००.००</td></tr>
<tr><td>सुन्दरी थरुनि</td><td></td><td>२४०००.००</td></tr>
<tr><td rowspan="9">अति अशक्त अपाङ्गता</td><td>ओम वहादुर थापा</td><td></td><td>१९२००.००</td></tr>
<tr><td>कर्ण वहादुर सार्कि</td><td></td><td>१९२००.००</td></tr>
<tr><td>मनि वहादुर पुन</td><td></td><td>१९२००.००</td></tr>
<tr><td rowspan="6"></td><td>मिधु सर्केनि</td><td></td><td>१९२००.००</td></tr>
<tr><td>राम प्यारी थरुनि</td><td></td><td>१९२००.००</td></tr>
<tr><td>रितेश थारु</td><td></td><td>१९२००.००</td></tr>
<tr><td>शोभा थारु</td><td></td><td>१९२००.००</td></tr>
<tr><td>सिता थारु</td><td></td><td>१९२००.००</td></tr>
<tr><td>हरिन्द्र वहादुर घर्तिमगर</td><td></td><td>१९२००.००</td></tr>
<tr><td rowspan="12">७</td><td>एकल महिला भत्ता</td><td>झुपा कुमारी</td><td></td><td>२४०००.००</td></tr>
<tr><td rowspan="11"></td><td>मेघराज राजि</td><td>लोपोन्मुख आदिवासी</td><td>३६०००.००</td></tr>
<tr><td>सोनु राजि</td><td>लोपोन्मुख आदिवासी</td><td>३६०००.००</td></tr>
<tr><td>रामस्वति थारु</td><td>पूर्ण अपाङ्गता</td><td>३६०००.००</td></tr>
<tr><td>आरति कुमारी गद्दी</td><td>अति अशक्त अपाङ्गता</td><td>१९२००.००</td></tr>
<tr><td>धनिया थरुनि</td><td>अति अशक्त अपाङ्गता</td><td>२४८००.००</td></tr>
<tr><td>पायल मुराउ</td><td>अति अशक्त अपाङ्गता</td><td>१९२००.००</td></tr>
<tr><td>रामलाल चौधरी</td><td>अति अशक्त अपाङ्गता</td><td>१९२००.००</td></tr>
<tr><td>रामदेव वडही</td><td>अति अशक्त अपाङ्गता</td><td>१९२००.००</td></tr>
<tr><td>रामलाल चौधरी</td><td>अति अशक्त अपाङ्गता</td><td>१९२००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६३४४००.००</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table></td><td>६३४४००</td></tr>
<tr><td>५५</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी</td><td></td></tr>
</table>

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, पर्यटकिय पार्क, विधालय वाल निर्माण, वृक्षारोपण जस्ता कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३९९ जनालाई रोजगारी उपलव्ध गराई रु.२६३४१३५।०० - खर्च गरेको छ । लक्षित वर्गलाई ८ दिनदेखि ९० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
५६	**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरी खर्च गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	
५७	**सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । अतः ऐन अनुसार सार्वजनिब सेवा प्रवाहको प्रभावकारिता सम्बन्धमा सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ गर्नु पर्ने देखिन्छ ।	
५८	**भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्। • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
५९	**प्रकोप व्यवस्थाप कोष** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
५९.१	**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा प्रत्येक स्थानीय तहले बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नु पर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको छ ।	
५९.२	**कार्य योजनाः** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली २०७६ को नियम ८ मा स्थानीय विपद् व्यवस्थापन, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट र कार्यकारी र कर्तव्य र अधिकार परिषद, समितिको काम स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना	

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद् पूर्व सवै पक्षको समन्वय र संलग्न गराउने, बजेट विनियोजन गर्ने, लगाउने। प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने समिति गठन गर्ने, तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, नगरेको अनुगमन गर्ने सहितको कार्ययोजना तयारी, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम, घरपरिवारको पहिचान गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गराउनु पर्दछ।</td><td></td></tr>
<tr><td>५९.३</td><td>वार्षिक प्रतिवेदन - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०</td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएनन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षणका लागि समेत अभिलेख व्यवस्थित गरिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६१</td><td>कोभिड-१९ महामारी नियन्त्रण तर्फ</td><td></td></tr>
<tr><td>६१.१</td><td>जोखिम आंकलन र पूर्व तयारीः- कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन ।</td><td></td></tr>
<tr><td>६१.२</td><td>जिन्सी दाखिला - प्रदेश आर्थिक कार्याविधी नियमावली २०७४, को नियम ४८ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।पालिकाले पूँजिगत शिर्षकबाट कोभिड व्यवस्थापनको लागि खरिद गरेको देहायका जिन्सी सामाग्री दाखिला गरेको छैन । अतः नियमावलीको व्यवस्था अनुरुप जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्दछ ।
<table>
<tr><th>भौ न</th><th>भुक्तानी पाउने</th><th>सामाग्री</th><th>परिमाण</th><th>खर्च</th></tr>
<tr><td>४४।७७।१।५</td><td>कृष्ण ईन्टरनेशनल</td><td>मास्क स्यानीटाईजर</td><td>१६०००</td><td>४९९९६८</td></tr>
<tr><td>४७।</td><td>देबेन्द्र के सी</td><td>मास्क</td><td>४०००</td><td>१२२०४०</td></tr>
<tr><td>४८।७७।१।१०</td><td>पोखरेल ब्याग सप्लार्यस</td><td>मास्क</td><td>१५८००</td><td>३१६०००</td></tr>
<tr><td>६७।७७।२।२३</td><td>नारायण विष्ठ</td><td>यातायात खाना खर्च आदि</td><td></td><td>२५९४४१</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>११९७४४९</td></tr>
</table></td><td></td></tr>
</table>

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६१.३	**विपद् व्यवस्थापन तर्फ- ११** २०७६/०७/२१ पालिकाले विपद् व्यवस्थापनका लागि विभिन्न १० वटा सप्लायर्स सँग कोटेशनमा रु.४१३८७३८।– रकम खर्च गरेकोमा निम्नानुसार व्यहोरा देखियो । क० पालिकाले विपद्का लागि चाहिने आवश्यक सामग्रीको आवश्यकताको पहिचान गरेको छैन । आवश्यक सामाग्रीको पहिचान गर्नुपर्दछ । ख० पालिकाले खरीद गरेका सामाग्री वडा कार्यालयहरुमा हस्तान्तरण गरेको छ।तर पालिकाले खरीद भएको सामाग्रीहरु कति जोखिममा रहेका मानिसहरुलाई वितरण गरीयो र कति मौज्दातमा बाँकी छन् भन्ने विवरण लेखापरीक्षणको क्रममा माग भएकोमा पेश नभएकोले खरीद भएको सामाग्रीहरुको स्थलगत अवलोकलन गरी पालिकाले सामाग्रीहरुको अध्यावधिक विवरण पेश गर्नुपर्ने रु.	४१३८७३८
६१.४	**राहत वितरण तर्फ-** कोरोना जोखिम तथा व्यवस्थापनको लागी पालिकाले पटक पटक गरि विभिन्न ५ वटा गोश्वारा भौचर मार्फत रु. ७,५९१,१७२.०० को चामल दाल लगायतका राहात सामग्री खरीद गरेकोमा वितरणको भरपाई श्रेष्ताको साथमा नभएकोले वितरणको भरपाई पेश गर्नुपर्ने रु**.**	७५९११७२
६१.५	**समन्वय, अनुगमन व्यवस्था र प्रतिवेदन प्रणाली-** कार्यालयले आसंकित व्यक्तिहरुको नियमन तथा समन्वय गर्न नगर प्रमुख तथा स्वास्थ्य संयोजकले अनुगमन र नियमन तथा समन्वय गर्ने गरेको जानकारी गराएतापनि CMC तथा Cove Team को कार्यसम्पादनको प्रतिवेदन तयार गर्ने गरेको देखिएन । नगरपिलकाल कोभीड सम्बन्धी तथ्यांक स्वास्थ्य कार्यालयमा पठाउने गरेकोमा Online System चालु भएपछि स्वास्थ्य मन्त्रालयमा अनलाइन प्रणाली मार्फत पठाउने गरेको पाइयो सुरक्षाकर्मीहरु, स्वास्थ्यकर्मी, प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना समेतको व्यवस्था रहेको बुझियो ।	
६२	**मोबिलाईजेशन पेश्की -** सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार निर्माण व्यवसायिलाई दिएको निर्माण पेश्की सोही नियमावली अनुसार फछ्र्यौट भएको हुनुपर्दछ । कार्यालयले देहाय अनुसारको मोबिलाईजेशन पेश्की फछ्र्यौट नभई बाँकी रहेकाले नियमानुसार फछ्र्यौट हुनुपर्दछ । .	
६३	**पेश्की बाँकी** -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । कार्यालयबाट देहाय अनुसार संस्था, निर्माण व्यवसायीलाई,कर्मचारि तथा उपभोक्ता समितिलाई भुक्तानी भएको पेश्की रु.२५४१००० म्याद नाघेको देखिन्छ । म्याद नाघेको पेश्की नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्ने रु.	२५४१०००

विवरण	पेश्की लिनेको नाम	रकम
सरस्वती मा.बि. भवन निर्माण योजना वडा नं. ३	ओसियन कन्स्ट्रक्सन	४५००००
गौरीखोला कल्बर्ट	पञ्चदेवी निर्माण सेवा	१००००००
स्वास्थ्य संस्था नभएका वडामा भवन निर्माण	सम्राट निर्माण सेवा	९१५०००
कुशुम स्वास्थ्य चौकीको अधुरो भवन निर्माण	सम्राट निर्माण सेवा	१६५०००
बि.पि. स्मृती बहुउदेश्यीय सामुदायिक भवन निर्माण	सम्राट निर्माण सेवा	५०००००
वडा कार्यालय देखि ढलैया सम्म कालोपत्रे	भक्त निर्माण सेवा प्रा.लि.	१८८००००
	जम्मा	४९१००००

विवरण	पेश्की लिनेको नाम	रकम
दलित लक्षित कार्यक्रम	लक्षित वर्ग आय आर्जन कार्यक्रम उ.स.	३०००

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

युवा लक्षित तथा यूवा स्वरोजगार र खेलकुद सम्बन्धि कार्यक्रम संचालन गर्न	सहारा स्पोर्ट क्लब फत्तेपुर	२००००
विपद् तथा प्रकोप ब्यवस्थापन कोषमा रकम जम्मा गरि खर्च गर्ने	कुसुम एम्बुलेन्स प्रबन्ध एवंम खरिद समिति	२०००००
गाउँपालिका भित्रका विभिन्न भाषा कला सांस्कृतिक तथा परम्परागत संरक्षण र प्रबर्द्धन कार्यक्रम संचालन गर्न	ज्ञान बहादुर कोरी	१००००
गाउँपालिका भित्रका विभिन्न भाषा कला सांस्कृतिक तथा परम्परागत संरक्षण र प्रबर्द्धन कार्यक्रम संचालन गर्न	सिताराम थारु	५०००
	जम्मा	२३८०००

विवरण	पेश्की लिने संस्था।उ.स.को नाम	रकम
गाउँपालिकाको समपुरक कोषमा रकम जम्मा गरी खर्च गर्न	ईम्पेटस टेक्नोलोजि नेपाल प्रा.लि.	१६०००००
गाउँपालिकाको समपुरक कोषमा रकम जम्मा गरी खर्च गर्न	लक्ष्मी माध्यामिक विद्यालय	३८८०००
विद्युत लाईन विस्तार वडा नं. ३	आशुतोष इन्फ्रा ईन्जिनियरिङ्ग	३०००००
नरहरी भण्डारीको घर देखि कालोपत्रे	नरहरी भण्डारीको घर देखि कालोपत्रे नि.उ.स.	१५०००
	जम्मा	२३०३०००

६४ **आन्तरिक लेखापरीक्षण तर्फ-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउपालिकाले यस बर्षको आन्तरिक लेखापरीक्षण सशर्त कार्यक्रम र वित्तिय हस्तान्तरित कार्यक्रमहरुको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र स्थानिय सन्चित कोष अन्तरगत गाउपालिका चालु र पूँजिगत खर्चको गाउपालिका कै आन्तरिक लेखापरीक्षकबाट आर्थिक बर्षको अन्त्यमा एकै पटक गराएको देखियो । आन्तरीक लेखिरीक्षणबाट औल्याएका ब्यहोराहरु उपर कार्यालयले प्रतिकृया दिने र फछ्यौंट गर्ने गराउने गरेको देखिएन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाइनु पर्छ । गाउपालिका चालु तथा पूँजिगत खर्चको आन्तरिक लेखापरीक्षणबाट उल्लेख गरेको ब्यहोराहरु देहाय अनुसार रहेको छ -

६४.१ **गिट्टि, ढुङ्गा, वालुवाको उपभोग -** चालु आ.व.मा उपभोक्ता समिति मार्फत सञ्चालित अधिकांश सडक आयोजनाहरुको निर्माण कार्य गर्दा गिट्टि, ढुङ्गा वालुवाको प्रयोग ठूलो परिमाणमा प्रयोग भएको देखियो । गाउँपालिकाद्वारा नदिजन्य पदार्थको ठेक्का नलागेको अवस्थामा गिट्टि, ढुङ्गा वालुवा प्रयोग गरे वापत प्रचलित दररेट अनुसार गाउँपालिका कार्यालय वा वडा कार्यालयमा राजश्व बुझाई प्रयोग गर्नु पर्नेमा निजि ट्याक्टरद्वारा ढुवानी गरि ट्याक्टर धनिलाई सादा भरपाई प्रयोग गरि उपभोक्ता समितिहरुले ढुवानीका नाममा गाउंपालिकामा बुझाउनु पर्ने राजश्वको रकम बुझाएको देखियो । यसरी गाउंपालिका, प्रदेश सरकार र जिल्ला समन्वयमा जाने राजश्वको क्षति भैरहेको देखिन्छ । तसर्थ यस किसिमको कार्य गाउँपालिकाले पूर्ण रुपमा रोकथाम गरि राजश्व बृद्धि तर्फ ध्यान जानु पर्दछ । यस बर्ष गाउँपालिका मार्फत उपभोक्ता समितिहरुलाई ढुङ्गा, गिट्टि वालुवाको भुक्तानी गरेको रकम देहाय बमोजिम उदाहरणको लागि प्रस्तुत गरिएको छ ।

सि.नं.	मिति/गो.भौ.नं.	आयोजनाको नाम	गिट्टि ढुङ्गा वालुवा वापत ट्याक्टर धनिलाई बुझाएको रकम
१	२०७७/३/२९- ११५	ने.रा.आ.वि.सूर्यलालपुर रा.सो.- ४ को शौचालय निर्माण	७८५००
२	२०७७/३/२९- २८१	वडा नं. ४ बाँधुको घर देखि स्कूल सम्मको बाटोमा ग्राभेल	७४४००
३	२०७७/३/२३- १६४	वडा नं. ८ को बाटो स्तरोन्नती खल्लागाउँ निर्माण	५६७०५.२
४	२०७७/३/२९- २८१	वडा नं. ४ बाँधुको घर देखि स्कूल सम्मको बाटोमा ग्राभेल	७४४००.

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>५</td><td>२०७७३/२८- २३५</td><td>वडा नं. ७ ननकउपुर को हरि शंकरको घर देखि शाखा नहरसम्मको बाटो निर्माण</td><td>१०२३००.</td></tr>
<tr><td>६</td><td></td><td>मौवाटोलमा तटबन्ध- ९</td><td>२३८७००.</td></tr>
<tr><td>७</td><td></td><td>छविलाल थारुको घर देखि पश्चिम बाटो स्तरोन्नती- ३</td><td>५९५००.</td></tr>
<tr><td>८</td><td></td><td>कलवीर थारुको घरजानेबाटोमा ह्यूमपाईप र बाटो निर्माण- ३</td><td>२६७३७०</td></tr>
<tr><td>९</td><td></td><td>टिकुलिपुर बाटो स्तरोन्नती- २</td><td>१५१२००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११०३०७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४.२</td><td><u>रकमान्तर तथा श्रोतान्तर</u>:- राप्ती सोनारी गाउँपालिकाको विनियोजन ऐन, २०७४ र आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७७ मा व्यवस्था भएवमोजिम गाउँपालिकाको बजेटको कुनै एक बजेट उपशिर्षक अन्तर्गतको खर्च शिर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै एक वा एक भन्दा बढि शिर्षकमा बचत हुने रकमबाट २५% मा नबढ्ने गरी गाउँ कार्यपालिकाले रकमान्तर गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।गाउँकार्यपालिकाले भिन्न भिन्न समयमा गरी वडा समेतका करिव १३७ भन्दा बढि कार्यक्रम तथा आयोजनाको रकमान्तर गरिएको छ । तसर्थ सकेसम्म रकमान्तर र शिर्षकान्तर गर्न नपर्ने गरी शुरुमा नै बजेट विनियोजन गरी कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६४.३</td><td>योजना अनुगमन/निरिक्षण तथा अन्तिम भुक्तानी - स्थानीय सकार सञ्चालन ऐन, २०७४ वमोजिम योजनाहरुको कार्य सम्पन्न पश्चात गठित अनुगमन समितिबाट हरेक योजना अनुगमनरनिरिक्षण गरि अन्तिम भुक्तानी दिनु पर्दछ । तर कार्यालयले उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुको मात्र अनुगमन गरि अन्तिम भुक्तानी गरेको देखियो । ठेक्का पट्टाका माध्यमबाट सम्पन्न भएका आयोजनाहरुको समेत अनुगमन, निरिक्षण गरि अन्तिम भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>६४.४</td><td>आायोजना फरफारकः- स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ८४२(ङ) अनुसार आयोजनाहरु सम्पन्न भए पछि फर.फारकका लागि प्रमुख प्रशासकिय अधिकृतले प्रतिवेदन तयार गरी कार्यपालिकाको वैठकमा पेश गर्नु पर्ने व्यवस्था भएकोमा यस स्थानीय तहबाट सम्पन्न भएका आयोजनाको हकमा परीक्षण गर्दा त्यस्तो प्रतिवेदन पेश भई कार्यपालिकाबाट सो सम्बन्धमा आवश्यक निर्णय भएको पाईएन । यसले ऐनको पालनामा कमजोरी देखिएको छ ।</td><td></td></tr>
<tr><td>६४.५</td><td>बजेट शिर्षक गाउँपालिका चालु खर्च</td><td></td></tr>
<tr><td>६४.५.१</td><td>गौ.भो.नं. २३ मिति २०७६/६/७ हाइवे पोष्ट राष्ट्रिय दैनिक, रा.सो.- ८ लाई जनहितमा जारी सन्देश वापतको रकम भुक्तानी लिएको विभिन्न मितिका प्यान विल प्रयोग गरि भुक्तानी दिएको रु. ७६,४००।- सन्दर्भमा पेश भएका विलहरु प्रचलित नेपाल कानून अनुसार रु. २०,०००।- भन्दा माथिको अंकको भुक्तानी गर्दा भ्याट विलको प्रयोग हुनु पर्ने वा VAT छुटको प्रमाण संलग्न हुनुपर्ने साथै कार्यालयको अग्रिम आदेश वा सम्झौता समेत संलग्न नरहेकाले संलग्न गरी नियमित हुनुपर्ने रु.</td><td>७६४००</td></tr>
<tr><td>६४.५.२</td><td>गौ.भो.नं. २९७ मिति २०७६/११/२० निम्न संघ/संस्थाहरुको विभिन्न कामको शिलशिलामा भुक्तानी भएको रकम बैंक दाखिला अथवा सम्बन्धित फर्मले बुझिलिएको नदेखिएकोले नियमित हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>संघ/संस्थाको नाम</th><th>कामको विवरण</th><th>रकम (कर वाहेक)</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सद्भाव प्रिन्टीङ्ग प्रेस, नेगं.</td><td>छपाई</td><td>६२,२१७.00</td><td>खरिद आदेशमा अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर नभएको</td></tr>
<tr><td>२</td><td>सिटि प्लाजा रेष्टुरेन्ट, कोहलपुर</td><td>अतिथि सत्कार खर्च</td><td>३०,३२८.00</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९२,५४५.00</td><td></td></tr>
</table>
</td><td>९२५४५</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>गो भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६४.५.३</td><td><u>करारनामा बेगर खर्च:-</u> आलिनगर र ढलैया समेत गाउँपालिकको विभिन्न नाकामा ढुङ्गा, गिट्टि वालुवाको चोरी निकासी रोकि गाउँपालिका मार्फत राजश्व संकलन कार्यमा खटिएको भनि देहाय वमोजिमका व्यक्तिहरुले देहायको मिति र गो.भौ.नं.बाट डोर हाजिरी फारम र ठाडो निवेदनका भरमा रकम भुक्तानी लिएको, प्रचलित करार सेवा ऐन अनुसार करारनामा गरि भुक्तानी दिनुपर्नेमा ऐनको पालना नगरेको देखियो । तसर्थ सेवा सुविधा पाउने आधार/प्रमाण संलग्न नरहेकाले संलग्न गरी नियमित हुनु पर्दछ ।साथै यसरी ऐन कानूनको पालना नगरि खटाईएका व्यक्तिहरुबाट कून कून नाका, घाट, नदि तथा खोलानालाबाट कति राजश्व उठेको थियो ? कति परिमाण नदिजन्य पदार्थको निकासी भयो ? सो सम्बन्धि रेकर्ड समेत संलग्न हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>मिति/गो.भौ.नं.</th><th>पारीश्रमिक बुझिलिनेको नाम</th><th>अवधि</th><th>नाकाको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>०७७/१/१४- ३६४</td><td>प्रदिप कुमार रजक, रा.सो.-४ समेत जना १४</td><td>०७६ चैत्र १ देखि ऐं. ३०</td><td>आलिनगर, ढलैया</td><td>३०३०००</td></tr>
<tr><td>२</td><td>०७७/२/११- ४१५</td><td>धनवीर कामी, रा.सो.- ८ समेत जना ११</td><td>०७६ चैत्र ७ देखि ०७७ वैशाख २१</td><td>नखुलेको</td><td>३५८०८०</td></tr>
<tr><td>३</td><td>०७७/३/१४- ४८४</td><td>टोपबहादुर खडका, रा.सो.- २</td><td>०७६ चैत्र ७ देखि ०७७ वैशाख २७</td><td>नखुलेको</td><td>२८०००</td></tr>
<tr><td>४</td><td rowspan="3">०७७/३/२३- ५५१</td><td>श्री दिलिप कुमार के.सी.</td><td>०७६/११/९ देखि ०७७/१/२३</td><td>नखुलेको</td><td>३१५००</td></tr>
<tr><td>५</td><td>श्री युवक चौधरी</td><td>०७७/१/१ देखि ०७७/१/३१</td><td>नखुलेको</td><td>२१७००</td></tr>
<tr><td>६</td><td>श्री किरण कुमार वि.क. समेत जना १३)</td><td>०७७/१/१ देखि ०७७/१/१५</td><td>नखुलेको</td><td>१३५८००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>८७८०८०</td></tr>
</table></td><td>८७८०८०</td></tr>
<tr><td>६४.५.४</td><td>गौ.भो.नं. ४२४ मिति २०७७/२/२० सशस्त्र प्रहरी बल बेश क्याम्प, शम्शेरगंजका कर्मचारी श्री शितल न्यौपाने मार्फत टायर खरिद कार्यको रु. २४,००।- (भ्याट समेत) भुक्तानी गर्दा कार्यालयको खरिद आदेश र जिन्सी दाखिला प्रतिवेदन संलग्न गरेको देखिएन साथै सोही भौ.नं. तथा मितिमा प्रदिप कुमार रजकलाई ३,२४,०००।- विलभरपाई बेगर कार्यालयले खर्च लेखेको देखिएकोले उक्त खर्च रकम रकम कुन प्रयोजनको लागि हो ? प्रयोजन समेत खुलेको विलभरपाई संलग्न गरी नियमित गर्नपर्ने रु.</td><td>३२४०००</td></tr>
<tr><td>६४.५.५</td><td>गौ.भो.नं. ५६८ मिति २०७७/३/२६ निम्न क्याम्पसहरुलाई अनुदान निकासा दिएको रकमको प्रचलित कानून वमोजिम सक्कल विल भरपाई संलग्न गरी निकासा दिनु पर्नेमा सो गरेको देखिएन तसर्थ खर्चका विल भरपाई संलग्न राखी नियमित हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>क्याम्सको नाम, ठेगाना</th><th>अनुदान भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>श्री लक्ष्मि सामुदायिक क्याम्पस, कचनापुर- २</td><td>२००,०००.००</td></tr>
<tr><td>२</td><td>श्री जन-सिद्देश्वर बहुमुखी क्याम्पस, फत्तेपुर- ६</td><td>२००,०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४००,०००.००</td></tr>
</table></td><td>४०००००</td></tr>
<tr><td>६४.५.६</td><td>गौ.भो.नं. ६०१ मिति २०७७/३/२९ <u>VAT विल वेगर खर्च:-</u> वडा ४ अन्तरगत मुक्त कम्लहरी भवनको काम सम्पन्न गरी अध्यक्ष श्री पार्वती थारु मार्फत विभिन्न करकट्टा गरी भुक्तानी गएको रकम रु. ९,४७,९१०।- मध्ये ईट्टा खरिद वापत पेश गरेको श्री कृष्ण भूसी भाटिया, नेगं.- १९ को विल नं. ३८ (मिति २०७७/३/१) बाट रु. १,८२,०००।- को प्रचलित नेपाल सरकारको कानून वमोजिम रु. २०,०००।- माथीको अंकमा VAT विलबाट कारोबार हुनु पर्नेमा PAN विल पेश गरी भुक्तानी लिएकोले उक्त विलको १३% ले हुने भ्याट रु. २३,६६०।- रकम अशुल उपर गरी बेरुजु खाता दाखिला हुनपर्ने रु.</td><td>२३६६०</td></tr>
</table>

दफा	गो भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६४.५.७	**गौ.भो.नं.** ८३ **मिति** २०७७/३/२ वडा नं. ४ को वार्षिक कार्यक्रमबाट श्री ने.रा.आ.वि.सूर्यलालपूर- ४ को लागि Dell desktop Coputer थान- १ र फोटोकपि सहितको Printer थान- १ रु. ५१,५००।- मा खरिद गरेको, उक्त सामान नेपाल सरकारको प्रचलित ऐन, नियम वमोजिम खरिद आदेश तथा जिन्सी दाखिला संलग्न नरहेको र विद्यालयलाई सामाग्री हस्तान्तरण गर्नु पर्नेमा नगरेकोले प्रमाण पेश हुनुपर्ने रु.	५१५००
६४.५.८	**गौ..भो.नं.** २८७ **मिति** २०७७/३/२९ वडा नं. ८ को धर्मोती देखि बेलवास सम्मको बाटो निर्माण वापत खर्च लेखेको रकम रु. १,५१,०००।- लेखि कार्यालयले घनश्याम थारुलाई भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको प्राविधिक ल.ई., प्राविधिक विल, कार्य सम्पन्न प्रतिवेदन र सम्झौता वेगर भुक्तानी गरेको रकम नियमित भएको देखिएन तसर्थ आवश्यक कागजात संलग्न गरि नियमित गर्नु पर्ने रु.	१५१०००
६४.५.९	**गौ..भो.नं.** ३६३ **मिति** २०७७/३/३१ वडा नं. २ को उभोस अध्यक्ष श्री गिता भण्डारी रहेको खानेपानी धारा जडान वापत कार्यालयले ४,९८,०००।- खर्च लेखि उभोलाई भुक्तानी गरेकोमा प्राविधिक योजना बिल र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख रु. ४,३३,४११।०६ रहेको छ । प्राविधिक मूल्याङ्कन भन्दा बढि रु.६४५८९ भुक्तानी गरेको रकम असुल उपर हुनुपर्ने रु.	६४५८९
६४.५.१०	**गौ.भो.नं.** १२० **मिति** २०७७/३/३० **बिल भरपाई बेगर खर्च** विद्यालय प्रवलीकरण (Retrofitting) भुकम्पबाट क्षति भएको भवन पुन:र्निमाण/मर्मत संभारका लागि कार्यालयले बर्षान्तको अन्त्यमा श्री गणेश मा.वि.रा.सो.- ९ ढकेरीलाई रु. १५,००,०००।– विलभरपाई बेगर भुक्तानी गरेको पाइयो । साधारणतया कार्यालयले खर्च लेख्दा विल भरपाई, प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न विल, नापी किताब, स्वीकृत ल.ई., सम्झौता आदी संलग्न राखी भुक्तानी गर्नु पर्नेमा संलग्न नरहेकोले संलग्न राखी नियमित गर्नुपर्ने रु.	१५०००००

रासी सोनारी गाउँपालिका

सञ्चित कोष विवरण आर्थिक वर्ष २०७६/७७

अनुसुची-१

(रु. हजारमा)

क्र.स.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	रासी सोनारी गाउँपालिका	बाँके	१०२४६७	४३०३३१	१३०४८२	१३७७३	२३३९२५	८०८५११	५१३२११	२१५९४९	७५४५९	८०४६१९	१०६३५९

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुची-२

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१०९	६०	५४९०५	०	०	०	१०९	६०	५४९०५	१३६८	१८२२५	३२७७१	०	०	५०९९६	२५४१

अद्यावधिक बेरुजू स्थिति

अनुसुची-३

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बाँके	१३०४३९	०	०	१३०४३९	०	५४९०५	१८५३४४